# अख्तियार इ-बुलेटिन

बर्ष १६ अंक २ मंसिर , २०७७

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टगांल, काठमाडौं ।**




## यस अंकमा

- उजुरी दर्ता र कारबाहीको विवरण
- रङ्गेहात कारबाही तथा मुद्दा दायर विवरण
  - २०७७ श्रावण देखि आश्विन सम्म रङ्गेहात पक्राउ पर्नेहरुको विवरण
  - २०७७ श्रावण देखि आश्विन सम्म दायर मुद्दाहरुको विवरण
  - २०७७ श्रावण देखि आश्विन सम्म आयोगबाट पुनरावेदन विवरण
- निवृत्त प्रमुख आयुक्त माननीय नवीनकुमार घिमिरेको विदाई
- कार्यबाहक प्रमुख आयुक्तको रुपमा माननीय डा. गणेशराज जोशीको कार्य आरम्भ
- आयोगबाट भएको संस्थागत क्षमता विकास सम्बन्धी अन्य कार्यको विवरण
- आम्दानी खर्च तथा आर्थिक कारोबारसम्वन्धी अद्यावधिक विवरण
- अनुसूचीहरु

### सम्पादकीय


अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नको लागि स्थापित संवैधानिक आयोगको रुपमा रहेको छ। सार्वजनिक पद धारण गरेका व्यक्तिले अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको सम्बन्धमा छानविन, अनुसन्धान, तहकिकात एवं अभियोजन गर्ने जिम्मेवारी यस आयोगलाई संवैधानिक रुपमा प्रत्याभूत भएको छ।

सुचनाको हकको कार्यान्वयन गरी पारदर्शिता कायम गर्न आयोग दृढ संकल्पित रहेको छ । आफ्ना काम कारवाही, उपलब्धी र भए/गरेका गतिविधि समेटि विगतदेखि नै अख्तियार बुलेटिन प्रकाशित हुँदै आएकोमा पछिल्लो समयमा ई-बुलेटिनको रुपमा त्रैमासिक रुपमा प्रकाशित गर्दै आएको छ।

नेपालको संविधानको धारा २७ मा नागरिकको सूचनाको हकको व्यवस्था छ । सो बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५

क्रमश...

## उजुरीको क्षेत्रगत स्थिति




**प्रकाशन तथा सम्पादन**
सूचना समन्वय शाखा
नीति योजना तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा
टंगाल, काठमाण्डौं

http://www.ciaa.gov.np इमेलः akhtiyar@ntc.net.np फोन नं. ०१-५२६२१५१,०१-४२६२११९ फ्याक्स नं. ९७७-१-५२६२१२८

## आयोगका पदाधिकारीहरु



मानननीय कार्यबहाक प्रमुख आयुक्त

डा. गणेशराज जोशी



माननीय आयुक्त

डा. सावित्री थापा गुरुङ



श्रीमान् सचिव

सुरेश अधिकारी

## सम्पादक समूह

| | |
|---|---|
| सचिव श्री सुरेश अधिकारी | : अध्यक्ष |
| सहसचिव श्री तारानाथ अधिकारी | : सदस्य |
| उपसचिव श्री गणेश बहादुर अधिकारी | : सदस्य |
| शाखा अधिकृत श्री राम प्रसाद आचार्य | : सदस्य |
| तथाङ्क अधिकृत श्री प्रेम कुमार घिमिरे | : सदस्य |

# सम्पादकीय

अख्तियार दुरुपयोग अनुसन्धान आयोग भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नको लागि स्थापित संवैधानिक आयोगको रुपमा रहेको छ ।सार्वजनिक पद धारण गरेका व्यक्तिले अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको सम्बन्धमा छानविन, अनुसन्धान, तहकिकात एवं अभियोजन गर्ने जिम्मेवारी यस आयोगलाई संवैधानिक रुपमा प्रत्याभूत भएको छ।

सुचनाको हकको कार्यान्वयन गरी पारदर्शिता कायम गर्न आयोग दुढ संकल्पित रहेको छ । आफ्ना काम कारवाही, उपलब्धी र भए/गरेका गतिविधि समेटि विगतदेखि नै अख्तियार बुलेटिन प्रकाशित हुँदै आएकोमा पछिल्लो समयमा ई-बुलेटिनको रुपमा त्रैमासिक रुपमा प्रकाशित गर्दै आएको छ।

नेपालको संविधानको धारा २७ मा नागरिकको सूचनाको हकको व्यवस्था छ । सो बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । उक्त व्यवस्था अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सम्पादित प्रत्येक त्रैमासिक अवधिको मुख्य मुख्य क्रियाकलापहरुको विवरण त्रैमासिक रुपमा स्वतः प्रकाशनको रुपमा सार्वजनिक हुँदै आएको विदितै छ।

यस आ.व. को प्रथम त्रैमासिक अवधि (श्रावण-आश्विन) मा आयोगमा ४,५२४ वटा उजुरी परेको साथै अघिल्लो आ.व बाट जिम्मेवारी सरिआएका ८,२०० गरी कुल १२,७२४ वटा उजुरी माथि छानविन एवं अनुसन्धान गर्नुपर्ने अवस्था रहेकोमा आश्विन मसान्त सम्म २,९२५ वटा उजुरी फर्छ्यौट भई ९,७९९ वटा उजुरी फर्छ्यौट हुन बाँकी रहेको छ । यस आयोगबाट चालु आ.व को प्रथम त्रैमासिक अवधिमा २९ वटा आरोप-पत्र विशेष अदालतमा दायर गरीएको छ । यस अवधिमा अभियोजनतर्फ २९ वटा मुद्दामार्फत ७० जनालाई प्रतिवादी बनाई विगो रु ४७,११,५०,७६९।९ को मागदावी लिईएको छ साथै रंगेहात कारवाहीतर्फ २६ वटा कारवाहीबाट ३८ जनालाई नियन्त्रणमा लिई जम्मा रु २,१६,१५,०१६।जफत भएको छ। यस अवधिमा सम्मानित विशेष अदालतबाट प्राप्त १३ वटा फैसला मध्ये ११ वटा फैसलामा आयोगलाई सफलता प्राप्त भएको छ ।

यसै सन्दर्भमा, भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नु अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मात्र जिम्मेवारी हो भन्ने रहेको देखिन्छ। भ्रष्टाचार नियन्त्रण गर्नमा नेपाल सरकारका सबै

निकायहरु, सार्वजनिक सेवा प्रदायकहरु, सरोकारवाला निकायहरु एवं प्रवुद्ध नागरिक समाज स्वयं आ-आफ्नो ठाउँबाट भ्रष्टाचार नियन्त्रणको दरिलो खम्वाको रुपमा स्थापित हुन जरुरी छ।

विश्वव्यापी महामारीको रुपमा देखापरेको Covid-19 को कारण सिर्जित असामान्य परिस्थिती, बन्दाबन्दी र निषेधाज्ञाको कारण आयोगको काम कारवाही पनि प्रभावित हुन पुग्यो । कार्यसम्पादनको लागि केही असहज परिस्थितीको सिर्जना भयो। यसको कारणबाट विभिन्न पदाधिकारी र कर्मचारी पनि संक्रमित हुने अवस्था आईपर्यो। यसका बाबजुत पनि अधिकतम स्वास्थ्य सतर्कता अपनाउँदै आफ्ना काम कारवाहीलाई आयोगले निरन्तरता दियो। साथै कोभिड-१९ को असरका कारण प्रस्तुत बुलेटिन प्रकाशन हुन केही ढिला हुन गयो ।

अन्त्यमा, आयोगले गर्दै आएका कार्यक्रमहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्दै आउनुहुने सबैप्रति हार्दिक आभार सहित धन्यवाद अर्पण गर्दछौ । आफ्नो नजिक भएका भ्रष्टाचारजन्य घटना वा आफूले थाहा पाएका भ्रष्टाचारका सूचनाहरु सदा झै आफुलाई पायक पर्ने आयोगका कार्यालयहरुमा दिन र असल नागरिकको कर्तब्य निर्वाह गर्न हामी सबैमा हार्दिक अनुरोध गर्दछौं ।

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सम्पादित कार्यहरूको आ.व. २०७७/७८ को प्रथम (श्रावण-आश्विन) त्रैमासिक प्रगति

## मंसिर, २०७७

नेपालको संविधानले सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान, तहकिकात र अभियोजन गर्न भाग २१(धारा २३८-२३९) मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ । वर्तमान संविधान र प्रचलित अन्य कानूनले परिकल्पना र निर्देशन गरेबमोजिम भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्न आयोगले भ्रष्टाचारसम्बन्धी उजुरी र सूचना प्राप्त गर्ने, अनुसन्धान गर्ने र अभियोजन गर्ने लगायत कार्य गर्दछ । आयोगले आफ्नो काम नेपालको संविधान, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८, भ्रष्टाचार निवारण ऐन २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली २०५९ लगायत अन्य प्रचलित कानून, कार्यविधि, निर्देशिका र आचारसंहितामा आधारित भएर गर्दै आएको छ ।
आयोगको संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१) मिति २०७६ पुस १६ गतेबाट कार्यान्वयनमा आएको र यस योजनाले आयोगलाई प्राप्त संवैधानिक जिम्मेवारी पूरा गर्न दण्डात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र आयोगको संस्थागत क्षमता विकास जस्ता चारवटा रणनीतिक स्तम्भ अङ्गिकार गरेको छ । यस अनुसार आयोगले सम्पादन गरेका आ.व. २०७७/७८ को प्रथम (श्रावण-आश्विन) त्रैमासिक अवधिको कार्य प्रगति यहाँ प्रस्तुत गरिएको छ ।


### *१.उजुरी र फछ्र्यौटको अवस्था*

यस आयोगमा आर्थिक वर्ष २०७७/७८ को प्रथम त्रैमासिक अवधिमा भ्रष्टाचार सम्बन्धी परेका नयाँ उजुरी ४,५२४ वटा र गत आ.व. बाट जिम्मेवारी सरी आएका उजुरी ८,२०० वटा गरी जम्मा १२,७२४ वटा उजुरी मध्ये प्रथम त्रैमासिक अवधिमा जम्मा २,९२५ वटा उजुरी फछ्र्यौट भई उजुरीको आनुपातमा २२.९८ प्रतिशत प्रगति हासिल भएको छ । आयोगमा परेका उजुरी मध्ये आयोगले गरेको कारवाहीबाट प्रथम त्रैमासिक अवधिमा ११८ वटा उजुरी विस्तृत अनुसन्धानमा गएको, ३४२ वटा उजुरी मातहत कार्यालयहरुमा पठाइएको, १७६ वटा उजुरी कारवाहीका लागि सम्बन्धित कार्यालयमा पठाइएको, ४०० वटा उजुरी सोसंग सम्बन्धित अर्को उजुरीसंग गाभिएको र १,८८९ वटा उजुरी तामेलीमा पठाइएको छ । आयोगमा परेको उजुरी संख्या, सो उपर आयोगले कारवाही एवं फछ्र्यौट गरी फछ्र्यौट हुन बाँकी उजुरीको विवरण देहाय अनुसार छः

## १.१आयोगमा रहेको कुल उजुरी फछ्यौंट तथा बाँकीको विवरण

| विवरण | आ.ब. २०७७/७८ मा उजुरी संख्या | फछ्यौंट | | | | | | जम्मा फछ्यौंट | फछ्यौंट हुन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | विस्तृत अनुसन्धान | आयोगबाट तामेली | | आयोगको कार्यालयहरु मा प्रेषित | कारवाहीको लागि अन्य कार्यालयमा लेखि पठाएको | अन्य उजुरीमा गाभिएको | | |
| | | | तामेली | सुझाव सहित तामेली | | | | | |
| गत बर्षको अ.ल्या. उजुरी | ८,२०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| प्रथम त्रैमासिकको प्रगति | ४,५२४ | ११८ | १७९९ | ९० | ३४२ | १७६ | ४०० | २९२५ | ९७९९ |
| प्रथम त्रैमासिक अवधि सम्मको जम्मा | १२७२४ | ११८ | १७९९ | ९० | ३४२ | १७६ | ४०० | २९२५ | ९७९९ |

### आयोगमा रहेको उजुरी फछ्यौंटको विवरणलाई स्तम्भचित्रमा देखाउँदा





### १.२ महाशाखा र कार्यालयगत उजुरीको अवस्था

आर्थिक वर्ष २०७७।०७८ को प्रथम त्रैमासिकमा विभिन्न माध्यमहरूबाट आयोगको केन्द्र तथा मातहत कार्यालयहरूमा पर्न आएका तथा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका उजुरीहरू देहायको तालिका तथा स्तम्भचित्रमा स्पष्ट पारिएको छ ।सो अनुसार बढी उजुरीहरू अर्थात् ४०.०९% उजुरी आयोगको कार्यालय टंगालमा रहेका छन् । मातहत कार्यालयहरूमध्ये सबैभन्दा बढी आयोगको कार्यालय, बर्दिबासमा

(१५.०७%) रहेका छन् भने सबैभन्दा कम उजुरीहरू आयोगको कार्यालय, हेटौंडामा (४.४१%) रहेका छन्।

| क्र.सं. | महाशाखा | उजुरीको संख्या | | कुल उजुरी संख्या | कुल फछ्र्यौट भएको उजुरी संख्या | उजुरी प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | गत आ.व.को जिम्मेवारी सरेको जम्मा उजुरी संख्या | चालु आ.व.को जम्मा उजुरी संख्या | | | |
| १ | अ.दु.अ.आ.,टंगाल | २७७९ | २३२२ | ५१०१ | २१८५ | ४०.०९ |
| २ | आयोगको कार्यालय, इटहरी | १०४८ | ३९५ | १४४३ | १२३ | ११.३४ |
| ३ | आयोगको कार्यालय, बर्दिबास | १५०८ | ४०९ | १९१७ | ७२ | १५.०७ |
| ४ | आयोगको कार्यालय, हेटौंडा | ४१८ | १४३ | ५६१ | ४८ | ४.४१ |
| ५ | आयोगको कार्यालय, पोखरा | ४२७ | २०८ | ६३५ | ५७ | ४.९९ |
| ६ | आयोगको कार्यालय, बुटबल (सम्पर्क कार्यालय, नेपालगंजसमेत) | ७१५ | ४२२ | ११३७ | २३८ | ८.९४ |
| ७ | आयोगको कार्यालय, सुर्खेत | ४६७ | २५३ | ७२० | ९१ | ५.६६ |
| ८ | आयोगको कार्यालय, कञ्चनपुर | ८३८ | ३७२ | १२१० | १११ | ९.५१ |
| जम्मा | | ८२०० | ४५२४ | १२७२४ | २९२५ | १०० |

## आयोगमा रहेका उजुरीको संख्यात्मक स्थितिः




### १.३ क्षेत्रगत उजुरीको संख्या

आयोगमा सबैभन्दा बढी उजुरी संघीय मामिला सम्बन्धी स्थानीय तहका रहेका छन्।जसमा संघीय मामिला (स्थानीय तहसमेत) ३३.८५% रहेको छ भने सबैभन्दा कम उजुरी पर्ने क्षेत्र अर्थ तथा राजश्व क्षेत्रसंग सम्बन्धित १.९३%, रहेको छ । त्यस्तै शिक्षा १५.५८% , भूमि प्रशासन ८.७२%, वन तथा वातावरण ४.५७%, स्वास्थ्य तथा जनसंख्या ३.७४%, गृह प्रशासन २.१५%, भौतिक पूर्वाधार तथा यातायात ४.०७%, ऊर्जा, जलस्रोत तथा सिंचाइ ३.०८% उजुरीहरू रहेका छन् ।त्यस्तै नक्कली शैक्षिक प्रमाणपत्र ८.२८% , गैरकानूनी सम्पत्ति आर्जनतर्फ २.८३% र उल्लेखित बाहेक अन्य क्षेत्रका ११.१९% उजुरीहरू पर्न आएका छन् । क्षेत्रगत उजुरीको संख्यालाई देहायको तालिकामा उल्लेख गरीएको छ।

**क्षेत्रगत उजुरीको विवरण**

| क्र.सं. | उजुरीको क्षेत्र | गत आ.व.बाट जिम्मेवारी सरेका | आ.व. २०७७।७८ मा दर्ता भएका | जम्मा उजुरीको संख्या | कुल फछ्यौंट संख्या | उजुरी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | संघीय मामिला (स्थानीय तहसमेत) | २५१६ | १७९१ | ४३०७ | ९७३ | ३३.८५ |
| २. | शिक्षा (स्थानीय तहसमेत) | १४५४ | ५२९ | १९८३ | ३३६ | १५.५८ |
| ३. | भूमि प्रशासन | ७९२ | ३१७ | ११०९ | २१७ | ८.७२ |
| ४. | वन तथा वातावरण | ३६३ | २१९ | ५८२ | १४८ | ४.५७ |
| ५. | स्वास्थ्य तथा जनसंख्या | २७४ | २०२ | ४७६ | १७० | ३.७४ |
| ६. | गृह प्रशासन | ९६ | १७७ | २७३ | १२४ | २.१५ |
| ७. | भौतिक पूर्वाधार तथा यातायात | ३३० | १८८ | ५१८ | १२९ | ४.०७ |
| ८. | ऊर्जा, जलस्रोत तथा सिंचाइ | २४८ | १४४ | ३९२ | ९० | ३.०८ |
| ९. | अर्थ | १४१ | १०५ | २४६ | १०३ | १.९३ |
| १०. | नक्कली शैक्षिक प्रमाणपत्र | ९५३ | १०१ | १०५४ | ५७ | ८.२८ |
| ११. | गैरकानूनी सम्पत्ति आर्जन | १९४ | १६६ | ३६० | १५८ | २.८३ |
| १२. | अन्य क्षेत्र | ८३९ | ५८५ | १४२४ | ४२० | ११.१९ |
| | **जम्मा** | **८२००** | **४५२४** | **१२७२४** | **२९२५** | **१००** |

**उजुरी परेका क्षेत्रहरू स्थिति:**




## १.४ तीन तहका सरकारको प्रदेशगत उजुरीको अवस्था


संघीय, प्रदेश र स्थानीय सरकार मातहतका सरकारी तथा सार्वजनिक निकायहरूमा प्रदेशगत उजुरीको आधारमा विश्लेषण गर्दा स्थानीय सरकारका निकाय विरूद्ध बढि उजुरी परेको देखिन्छ त्यसपछि क्रमशः संघीय र प्रदेश सरकारका निकायहरू विरुद्ध उजुरी परेका छन् तथापि बाग्मती प्रदेशमा भने संघीय सरकारका निकाय विरूद्ध सबभन्दा बढि उजुरी परेका साथै सुदुर पश्चिम प्रदेशमा संघीय सरकारका निकायविरुद्ध भन्दा प्रदेश सरकारका निकाय विरुद्ध उजुरी बढी परेको देखिन्छ । समग्रमा सबैभन्दा बढी उजुरी साथै स्थानीय सरकारका निकाय विरुद्धका सबैभन्दा बढि उजुरी पनि २ नं. प्रदेशमा परेको देखिन्छ। जसलाई निम्न तालिका र रेखाचित्रद्वारा प्रष्ट पारिएको छ ।

**संघीय, प्रदेश र स्थानीय सरकारका विरूद्ध परेका उजुरीको प्रदेशगत संख्या**

| प्रदेश | संघ | प्रदेश | स्थानीय तह | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ४२२ | २४१ | ८३९ | १५०२ | १३.४५ |
| २ | ११९६ | १२९ | १६२२ | २९४७ | २६.४० |
| बाग्मती | १५५९ | १२३ | ५३२ | २२१४ | १९.८३ |
| गण्डकी | २९४ | १११ | ४२५ | ८३० | ७.४३ |
| लुम्बिनी | ४०० | २३३ | ७४६ | १३७९ | १२.३५ |

| प्रदेश | संघ | प्रदेश | स्थानीय तह | कुल जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| कर्णाली | २१४ | १८४ | ४७६ | ८७४ | ७.८३ |
| सूदुर पश्चिम | १६९ | ४४८ | ८०१ | १४१८ | १२.७० |
| **प्रदेशगत जम्मा** | **४२५४** | **१४६९** | **५४४१** | ११९६४ | १०० |
| अन्य(गैरकानूनी सम्पत्ति, झुठा शैक्षिक प्रमाणपत्र, विश्वविद्यालय आदि) | १५६० | - | - | १५६० | |
| **कुल जम्मा** | **५८१४** | **१४६९** | **५४४१** | **१२७२४** | |

**तीन तहका सरकारका प्रदेशगत उजुरीको प्रवृतिः**





## १.५ कार्यालयगतरुपमा उजुरीको फछ्र्यौट

कार्यालयगतरुपमा सबैभन्दा बढी उजुरीको फछ्र्यौट अ.दु.अ.आ टंगालले गरेको छ । यस आ.व.मा कायम भएको कुल ५१०१ उजुरी मध्ये २१८५ वटा उजुरी फछ्र्यौट गरेको छ जुन कुल संख्याको झन्डै त्रिचालिस प्रतिशत हो । त्यस्तै सबैभन्दा कम उजुरी फछ्र्यौट गर्ने कार्यालयमा आयोगको कार्यालय, हेटौडा, पोखरा र कञ्चनपुर रहेका छन् । जसले आफ्नो कार्यालयमा कायम उजुरीको ९ प्रतिशत उजुरी फछ्र्यौट गरेका छन् ।आयोग र मातहतका कार्यालयले गरेको उजुरी फछ्र्यौटको विवरण तल उल्लेखित तालिका र स्तम्भचित्रबाट प्रष्ट पारिएको छ ।

| क सं | कार्यालयहरु | कुल उजुरी संख्या | कुल फछ्यौंट संख्या | उजुरीमध्ये फर्छ्यौट प्रतिशत |
|---|---|---|---|---|
| १ | अ.दु.अ.आ.,टंगाल | ५१०१ | २१८५ | ४२.८३ |
| २ | आयोगको कार्यालय, इटहरी | १४४३ | १२३ | ८.५२ |
| ३ | आयोगको कार्यालय, बर्दिबास | १९१७ | ७२ | ३.७५ |
| ४ | आयोगको कार्यालय, हेटौंडा | ५६१ | ४८ | ८.५५ |
| ५ | आयोगको कार्यालय, पोखरा | ६३५ | ५७ | ८.९७ |
| ६ | आयोगको कार्यालय, बुटबल (सम्पर्क कार्यालय, नेपालगंजसमेत) | ११३७ | २३८ | २०.९३ |
| ७ | आयोगको कार्यालय, सुर्खेत | ७२० | ९१ | १२.६३ |
| ८ | आयोगको कार्यालय, कञ्चनपुर | १२१० | १११ | ९.१७ |
| जम्मा | | १२७२४ | २९२५ | |

कार्यालयगतरुपमा उजुरीको संख्या र फछ्यौंटलाई स्तम्भचित्रमा निम्नानुसार देखाईएको छ ।



## *२ भ्रष्टाचार नियन्त्रणका सम्वन्धमा आयोगबाट भएको कार्य प्रगति*

### २.१ भ्रष्टाचार नियन्त्रण सम्बन्धी दण्डात्मक (Punitive function) कार्यको प्रगति विवरणः-

**क) दायर भएका आरोपपत्रको संख्या**

यस आ.व. २०७७.०७८ को प्रथम त्रैमासिक अवधिमा आयोगले कुल २९ वटा आरोपपत्र सम्मानित विशेष अदालतमा दायर गरेको छ । Covid-19 को प्रभावले गर्दा अघिल्ला आ.व.हरुको तुलनामा यस आ.व. को प्रथम चौमासिक अवधिमा अदालतमा दायर गरेको आरोपपत्रको संख्या न्युन रहन गयो ।

**भ्रष्टाचार सम्बन्धी दायर भएको आरोपपत्रको विवरण**

आ.व.२०७७।०७८ को प्रथम त्रैमासिक अवधिमा आयोगले कुल २९ वटा आरोपपत्र सम्मानित विशेष अदालतमा दायर गरेको छ जसमध्ये सबैभन्दा बढी घुस/रिसवतका २२ वटा, अकुत सम्पत्तीको ३ वटा, तथा नक्कली शैक्षिक प्रमाण पत्रको १, सरकारी अनुदान/अन्य रकम/सार्वजनिक सम्पत्ति हिनामिना २ र राजस्व रकम हिनामिना सम्बन्धी,१ वटा रहेका छन् । जसको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।


| सि.नं. | मुद्दाको विवरण | मुद्दाको संख्या |
|---|---|---|
| १ | घुस/रिसवत | २२ |
| २ | नक्कली शैक्षिक प्रमाण पत्र | १ |
| ३ | सरकारी अनुदान/रकम/सार्वजनिक सम्पत्ति हिनामिना | २ |
| ४ | सार्वजनिक/अकुत सम्पत्ती | ३ |
| ५ | गुठी संस्थान सम्बन्धी | ० |
| ६ | राजस्व सम्बन्धी | १ |
| ७ | सामाजिक सुरक्षा भत्ता | ० |
| ८ | अन्य भ्रष्टाचार | ० |
| **जम्मा** | | **२९** |

यस आ.व को प्रथम त्रैमासिक अवधिमा सम्मानित विशेष अदालतमा दायर गरिएका २९ वटा आरोप-पत्रमा जम्मा ७० जना आरोपीलाई प्रतिवादी बनाई विगो रु ४७,११,५०,७६९।९ को माग दावी लिईएको छ । उक्त अवधिमा विशेष अदालतमा दायर गरिएका मुद्दामध्ये घुस/ रिसवतका २२ वटा मुद्दामा ४६ जना, नक्कली शैक्षिक प्रमाणपत्रको १ वटा मुद्दामा १ जना, सार्वजनिक सम्पत्ति/रकम हिनामिनाका २ वटा मुद्दामा ४ जना, गैरकानुनि सम्पत्ति आर्जनका ३ वटा मुद्दामा १७ जना र राजश्व रकम हिनामिना १ वटा मुद्दामा २ जनालाई विपक्षी बनाईएको छ । प्रतिवादीहरुको विवरण हेर्दा अधिकृतस्तरका कर्मचारीहरु १३ जना,

सहायकस्तरका कर्मचारीहरु २० जना, शिक्षक/ प्राध्यापक ४ जना, निर्वाचित/मनोनित पदाधिकारीहरु ३ जना साथै मतियार/विचौलिया/अन्य ३० जना रहेका छन् जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

| | घुस/ रिसवत | नक्कली शैक्षिक प्र.प. | सा. सम्पत्ति/रकम हिनामिना | गैरकानूनी लाभ हानी | गैरकानूनी सम्पत्ति | राजश्व हिनामिना | विविध | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| मन्त्रीस्तर | - | - | - | - | - | - | - | - |
| विशिष्ट श्रेणी स्तर | - | - | - | - | - | - | - | - |
| सहसचिव स्तर | - | - | - | - | - | - | - | - |
| उपसचिव स्तर | ४ | - | - | - | २ | - | - | ६ |
| अधिकृत | ५ | - | १ | - | १ | - | - | ७ |
| सहायक/ सहयोगी कर्मचारी | १७ | - | १ | - | - | २ | - | २० |
| शिक्षक/प्राध्यापक | १ | १ | १ | - | १ | - | - | ४ |
| निर्वाचित/ मनोनित | २ | - | १ | - | - | - | - | ३ |
| मतियार/ विचौलिया/ अन्य | १९ | - | - | - | ११ | - | - | ३० |
| **जम्मा** | ४८ | १ | ४ | - | १५ | २ | - | ७० |

प्रतिवादीहरुको पदीय आधारमा संख्यात्मक विवरणलाई निम्नानुसारको वृत्तचित्रबाट थप प्रष्ट पारिएको छ।



**प्रथम त्रैमासिक अवधिमा दायर भएको आरोपपत्रको विस्तृत विवरण निम्नबमेजिम उल्लेख गरिएको छ।**

| सि. नं. | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपी व्यक्ति | कार्यालय | आरोप | बिगो |
|---|---|---|---|---|---|---|
| १ | २०७७.४.१२ | ३८ | रन्जित कुमार श्रेष्ठ | खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय दैलेख | घुस रिसवत | ३०००० |
| | | | विरेन्द्र चन्द | खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय दैलेख | घुस रिसवत | ३०००० |
| २ | २०७७.४.१४ | ३९ | रन्जित कुमार श्रेष्ठ | खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय दैलेख | घुस रिसवत | ४५००० |
| | | | विरेन्द्र चन्द | खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय दैलेख | घुस रिसवत | ४५००० |
| ३ | २०७७.४.१४ | ४० | कृष्ण वल्लभ ठाकुर | भुमिसुधार तथा मालपोत कार्यालय राजविराज | घुस रिसवत | १३००० |
| ४ | २०७७.४.१४ | ४२ | गोविन्द साह | | घुस रिसवत | १५०००० |
| | | | समिर भण्डारी | | घुस रिसवत | १५०००० |
| ५ | २०७७.४.१४ | ४१ | नारायणकाजी श्रेष्ठ | सिचाई तथा जलश्रोत डिभिजन कार्यालय खोटाङ्ग | घुस रिसवत | ९३४००० |
| ६ | २०७७.४.१५ | ४३ | राम विश्वास राय यादव | प्रहरी चौकी गौरीशङ्कर सर्लाही | घुस रिसवत | ५००० |
| ७ | २०७७.४.१८ | ४४ | विकास पोखरेल | इटहरी उप-महानगरपालिका | घुस रिसवत लिई भ्रष्टाचार गरेको | ६५००० |
| ८ | २०७७.४.२५ | ५२ | मिलन अधिकारी | ढोरपाटन नगरपालिका बाग्लुङ्ग | घुस रिसवत | १००००० |
| ९ | २०७७.४.२५ | ५३ | हुकुम बहादुर ओली | घरेलु तथा साना उद्योग नेपालगंज | घुस रिसवत | ९६३०० |
| १० | २०७७.४.२५ | ५४ | सिद्धराज जोशी | जोशीपुर गाउपालिका कैलाली | घुस रिसवत | ८५००० |
| ११ | २०७७.४.२८ | २५ | सुर्यनाथ मण्डल | कल्याणपुर नगरपालिका सिरहा | घुस रिसवत | ५००००० |
| | | | सन्त कुमार मण्डल | | घुस रिसवत | ५००००० |
| १२ | २०७७.४.२८ | ४९ | मिरा राना | शुक्लाफाटा आधारभुत.विद्यालय. बेलौरी कंचनपुर | नक्कली प्रमाणपत्र | |

| सि. नं. | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपी व्यक्ति | कार्यालय | आरोप | विगो |
|---|---|---|---|---|---|---|
| १३ | २०७७.४.३० | ५७ | भुपेन्द्र कुमार मण्डल | मर्स्याङ्दी गापा लमजुङ | घुस रिसवत | ४००००० |
| | | | टिका प्रसाद गुरुङ्ग | मर्स्याङ्दी गापा लमजुङ | घुस रिसवत | ४००००० |
| १४ | २०७७.४.३० | ५६ | चन्द्रदेव भट्ट | चुरे गाउपालिका कैलाली | घुस रिसवत | २०००० |
| १५ | २०७७.५.२ | ५९ | गजेन्द्र प्रसाद जयसवाल | जलश्रोत तथा सिचाई विकास डिभिजन कार्यालय बारा | घुस रिसवत | ८०००० |
| १६ | २०७७.५.९ | ६० | कृष्ण प्रसाद जैशी | गोदावरी नगरपालिका ललितपुर | घुस रिसवत | १५०००० |
| | | | किशोर कुमार मोक्तान | गोदावरी नगरपालिका ललितपुर | घुस रिसवत | १५०००० |
| १७ | २०७७.५.२५ | ७६ | काशि प्रसाद गुप्ता | संघिय कार्यालय आयोजना इकाइ विराटनगर | गैरकानूनी रुपमा सम्पत्ति आर्जन | १६७२५६४९६ |
| | | | मिता गुप्ता | | गैरकानूनी रुपमा सम्पत्ति आर्जन | १६७२५६४९६ |
| | | | अन्जु कुमारी महतो | | | |
| | | | नारायण प्रसाद रौनियार | संघिय कार्यालय आयोजना इकाइ विराटनगर | | |
| | | | विभा रानी | | | |
| | | | चन्द्रेश्वर महतो | | | |
| | | | प्रिति कुमारी गुप्ता | | | |
| | | | धिरज कुमार गुप्ता | आयोजना इकाइ कार्यालय ललितपुर | | |
| | | | डा. रचना प्रसाद शाह | काठमाडौं मेडिकल कलेज | | |
| | | | विकास प्रसाद गुप्ता | नागपुर महाराष्ट्र पेभटेड कन्सल्टेण्ड भारत | | |
| | | | विनय कुमार सिंह | | | |
| | | | संगिता साह रौनियार | | | |
| | | | सन्तोष कुमार गुप्ता | | | |

| सि. नं. | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपी व्यक्ति | कार्यालय | आरोप | बिगो |
|---|---|---|---|---|---|---|
| १८ | २०७७.५.३० | १०३ | बलभद्र प्रसाद दास | विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान | गैरकानूनी रुपमा सम्पत्ति आर्जन | ७७१९२८६० |
| | | | पुनम दास | | गैरकानूनी रुपमा सम्पत्ति आर्जन | |
| १९ | २०७७.६.१४ | १२७ | कृष्णहरि वाग्ले | नेपाल खानेपानी संस्थान पोखरा | घुस रिसवत | २५००० |
| २० | २०७७.६.१५ | १२२ | सुरेश कुमार शर्मा | जलश्रोत तथा सिचाई विभाग भेरी बबई डाइभर्सन | गैरकानूनी रुपमा सम्पत्ति आर्जन | ३०६५४९३२ |
| | | | बबिता फुयाल शर्मा | | | |
| २१ | २०७७.६.२१ | १२८ | सन्तोष साह | नेपाल खानेपानी संस्थान बुटवल | घुस रिसवत | ८२२००० |
| | | | रामनारायण साह सुडि | | घुस रिसवत | ८२२००० |
| | | | शान्ति राना | | घुस रिसवत | ८२२००० |
| २२ | २०७७.६.२२ | १२६ | अरुण राज खनाल | भेरी अस्पताल बाँके | घुस रिसवत | १९१३०७० |
| | | | माधव प्रसाद आचार्य | | | १९१३०७० |
| | | | इन्द्र बहादुर खत्री | | | १९१३०७० |
| | | | प्रेम बहादुर खत्री | | | १९१३०७० |
| | | | पुर्णिमा भण्डारी | | | |
| | | | दिपेन्द्र अग्रवाल | | | |
| | | | राजेन्द्र कुमार सोनी | | | |
| | | | कमालुछिन मुकेरी | | | |
| | | | अवनिश कुमार अग्रवाल | | | |
| | | | सुदिप रिजाल | | | |
| | | | इजामुहिन खाँ | | | |
| | | | अब्दुल अलि अन्सारी | | | |
| | | | पंकज कुमार श्रेष्ठ | | | |
| | | | साहिद हुँसेन हलवाई | | | |
| | | | ज्ञान बहादुर वली क्षेत्री | | | |

| सि. नं. | आरोपपत्र दर्ता मिति | निर्णय संख्या | आरोपी व्यक्ति | कार्यालय | आरोप | बिगो |
|---|---|---|---|---|---|---|
| २३ | २०७७.६.२५ | १४२ | विजय राना | राजश्व अनुसन्धान कार्यालय बुटवल | घुस रिसवत | २००००० |
| | | | अनिल कुमार झा | | घुस रिसवत | २००००० |
| २४ | २०७७.६.२७ | १४४ | रत्न बहादुर बि.क. | विरेन्द्रनगर नपाको कार्यालय सुर्खेत | राजश्व रकम हिनामिना | १६०३४६७ |
| | | | इन्द्र प्रसाद अधिकारी | विरेन्द्रनगर नपाको कार्यालय सुर्खेत | राजश्व रकम हिनामिना | १६०३४६७ |
| २५ | २०७७.६.२९ | १४५ | छेवाङ लामा | हिमालयन मावि व्यवस्थापन समिति | सरकारी रकम हिनामिना | ७८४४६.३४ |
| | | | बोध नाथ उप्रेती | | सरकारी रकम हिनामिना | ७८४४६.३४ |
| | | | निर्मल लामा स्याङतान | | सरकारी रकम हिनामिना | ७८४४६.३४ |
| २६ | २०७७.६.२९ | १६१ | शुभनारायण मण्डल | जनकपुर उमनपा १३ | घुस रिसवत लिई भ्रष्टाचार गरेको | २४००० |
| | | | दिलिप कुमार पंजीयार | | घुस रिसवत लिई भ्रष्टाचार गरेको | २४००० |
| २७ | २०७७.६.२९ | १५१ | महेन्द्र महत्तो | जनता मावि धनुषा | घुस रिसवत लिई भ्रष्टाचार गरेको | २००० |
| २८ | २०७७.६.२९ | १६० | रामचन्द्र लामिछाने | नेपाल टेलिकम हात्तिगौडा गोरखा | ब्याट्री हिनामिना गरी भ्रष्टाचार गरेको | ८६८८१३२.९ |
| २९ | २०७७.६.३० | १३३ | फुलेश्वर प्रसाद चौधरी | | घुस रिसवत दिई भ्रष्टाचार गरेको | |
| | | | | | जम्मा बिगो रकम रु | ४७११५०७६९.९ |


**ख घुस/रिसवत (Sting) कारबाही**

यस आयोगबाट आ.व. २०७७।०७८ को प्रथम त्रैमासिक अवधि (श्रावण-आश्विन) मा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ महामारीका वावजुद कूल २६ वटा घुस/रिसवत कारबाही भएको र यसबाट रू. २,१६,१५,०१६/- जफत हुनुका साथै जम्मा ३८ जना कर्मचारी तथा घुस/रिसवतसँग जोडिएका अन्य व्यक्ति नियन्त्रणमा लिईएको छ । यस अवधिमा कारबाहीमा परेका ३८ मध्ये जना राजपत्रांकित प्रथम श्रेणीका १ जना सहित ३४ जना राष्ट्रसेवक कर्मचारी, २ जना बिचौलिया/ मतियार र २ जना निर्वाचित/ मनोनित पदाधिकारीहरु छन् ।

यस अवधि मा घुस/रिसवत कारबाहीबाट नियन्त्रणमा लिइएका ३८ जना व्यक्तिहरुको दर्जागत एवं पेशागत विवरण देहाय अनुसार छः

| क्र. स. | पद/श्रेणी | जम्मा संख्या | अप्राविधिक | प्राविधिक | प्रहरी | शिक्षक | अदालत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | विशिष्ट श्रेणी वा सो सरह | - | - | - | - | - | - | |
| २ | रा प प्रथम श्रेणी वा सो सरह | १ | १ | - | - | - | - | |
| ३ | रा प द्वितीय श्रेणी वा सो सरह | ७ | २ | ५ | - | - | - | |
| ४ | रा प तृतीय श्रेणी वा सो सरह | ७ | १ | ६ | - | - | - | |
| ५ | जुनियर कर्मचारी | ११ | ५ | ५ | १ | - | - | |
| ६ | श्रेणिविहीन कर्मचारी | ८ | ६ | - | २ | - | - | |
| राष्ट्सेवक कर्मचारी जम्मा | | ३४ | | | | | | |
| राष्ट्सेवक कर्मचारी बाहेक अन्य | | | | | | | | |
| ७ | निर्वाचित मनोनित पदाधिकारी | २ | - | - | - | - | - | |
| ८ | विचौलिया/मतियार लगायत अन्य ब्यक्ति | २ | - | - | - | - | - | |
| | राष्ट्सेवक कर्मचारी बाहेक अन्य जम्मा | ४ | | | | | | |
| | **कुल जम्मा** | **३८** | **१५** | **१६** | **३** | **-** | **-** | |

घुस/रिसवत कारबाहीबाट नियन्त्रणमा लिइएका ३८ जना व्यक्तिहरुको दर्जागत रुपमा निम्नबमोजिमको वृत्तचित्रबाट समेत उल्लेख गरिएको छ ।




प्रथम त्रैमासिक अवधिमा आयोगद्वारा गरिएको घुस/रिसवत कारबाहीको क्रममा नियन्त्रणमा लिइएका व्यक्तिहरुको विवरण निम्नानुसार छ ।

| क्र. स. | मिति | पक्राउ पर्ने व्यक्ति | पक्राउ संख्या | पक्राउ पर्ने ब्यक्तिको कार्यालय | आरोप | जफत रकम रू. |
|---|---|---|---|---|---|---|
| १ | २०७७।०४।०१ | विकास पोखरेल | १ | इटहरी उपमहानगरपालिका, सुनसरी | कक्षा ८ को परीक्षा संचालनमा भएको खर्चको फरफारक गरी भुक्तानी गर्ने प्रयोजनका लागि सेवाग्राहीसंग घुस/रिसवत माग | ६५००० |
| २ | २०७७।०४।०४ | गजेन्द्र प्रसाद जैसवाल<br>चन्द्र जैसवाल | २ | जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कलैया, बारा | नदि तटबनधको जाली लगाउने कार्य सम्पन्न पश्चात रकम भुक्तानी गरिदिए वापत घुस/रिसवत माग | ८०००० |
| ३ | २०७७।०४।०५ | कृष्ण प्रसाद जैसी, कुमार मेक्तान | २ | गोदावरी नगरपालिका, ललितपुर | निर्माणाधिन आयोजनाको विल भुक्तानीका लागि सेवाग्राहीसंग घुस/रिसवत माग | १५०००० |
| ४ | २०७७।०४।०७ | चन्द्र देव भट्ट | १ | चुरे गाउँपालिका, कैलाली | सडक निर्माणको भुक्तानीको लागि ईष्टिमेट नापजाँच तथा मुल्यांकन गरिदिएवापत सेवाग्राहीसंग घुस/रिसवत माग | २०००० |

| क.स. | मिति | पक्राउ पर्ने व्यक्ति | पक्राउ संख्या | पक्राउ पर्ने व्यक्तिको कार्यालय | आरोप | जफत रकम रू. |
|---|---|---|---|---|---|---|
| ५ | २०७७।०४।०८ | अरुण राज खनाल | १ | भेरी अस्पताल बाँके | कमिसन वापत लिएको रकम र चेकसमेत आफ्नो कार्यकक्षमा राखेको | १६१३९७५ |
| ६ | २०७७।०४।०८ | भुपेन्द्र कुमार मण्डल, टीका प्रसाद गुरुङ | २ | मर्स्याङ्दी गाउँपालिका लमजुङ | भवन निर्माणको किस्तावापत प्राप्त गर्नुपर्ने रकमबाट विभिन्न बहानामा घुस/ रिसवत माग | ४००००० |
| ७ | २०७७।०४।०९ | रामबाबु साह | १ | डिभिजन वन कार्यालय ,सुनसरी | घुस/रिसवत वापतको रकम लिई जाँदै गरेको | ५५३००० |
| ८ | २०७७।०४।१२ | गोविन्द बहादुर साउद | १ | प्रहरी प्रधान कार्यालय विशेष व्यूरो, काठमाण्डौं | निवेदकसंग रकम लिएको | १०००० |
| ९ | २०७७।०४।१२ | कृष्णकान्त उपाध्याय | १ | तुलसीपुर उपमहानगरपालिका दाङ | स्रोत नखुलेको अस्वभाविक रकम साथमा लिई हिंडेको | १४४८३९६ |
| १० | २०७७।०४।१३ | विश्वनाथ प्रसाद लोध, महेन्द्र प्रसाद यादव | २ | गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल भैरहवा | जग्गाको मुआब्जा दिलाउन सहजिकरण गरिदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग | ४००००० |
| ११ | २०७७।०४।१९ | प्रमोद भट्टराई, विष्णु रोकाय | २ | बाँके राष्ट्रिय निकुञ्ज, बाँके | श्रोत नखुलेको रकम बोकी हिंडेको । | ८९८००० |
| १२ | २०७७।०४।२० | विजय राना, अनिल कुमार झा | २ | राजश्व अनुसन्धान कार्यालय बुटबल, रुपन्देही | मासिक रुपमा घूस/रिसवत लेनदेन गर्ने गरेको | २००००० |
| १३ | २०७७।०४।२४ | रितेश साह | १ | नेपाल विद्युत प्राधिकरण, ढल्केवर ग्रीड शाखा, धनुषा | श्रोत नखुलेको रकम बोकी हिंडेको | १२४९११४५ |
| १४ | २०७७।०४।२५ | सन्तोष साह | १ | नेपाल खानेपानी संस्थान बुटबल, रुपन्देही | श्रोत नखुलेको रकम बोकी हिंडेको | १०५५५०० |
| १५ | २०७७।०४।२७ | शिवनारायण यादव विनोद कुमार साह रमेश राई विशेश्वर चौधरी शैलेन्द्र झा मनोज कुमार राउत | ६ | सव- डिभिजन वन कार्यालय मैनामैनी उदयपुर, डिभिजन वन कार्यालय लालबजार रामपुर, उदयपुर | सेवाग्राहीसंग घुस/रिसवत लिएको | १७००० |

| क. स. | मिति | पक्राउ पर्ने व्यक्ति | पक्राउ संख्या | पक्राउ पर्ने ब्यक्तिको कार्यालय | आरोप | जफत रकम रू. |
|---|---|---|---|---|---|---|
| १६ | २०७७।०५।०१ | शिव शंकर महतो | १ | बाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभग, ववरमहल काठमाण्डौ | फर्म दर्ता गर्ने प्रयोजनको लागि घुस/ रिसवत माग गरेको | १०००० |
| १७ | २०७७।०५।१४ | मनिष कुमार अर्याल | १ | पूर्वाधार विकास कार्यालय, बाँके | श्रोत नखुलेको रकम बोकी हिँडेको | ५३०००० |
| १८ | २०७७।०५।१८ | सरोज कुमार पाण्डे | १ | रोहिणी गाउँपालिका वडा- नं २ | अनुदान स्वरुप रकम प्रदान गर्न सहजीकरण गरिदिने भनि सेवाग्राहीसँग घुस/रिसवत रकम माग | २०००० |
| १९ | २०७७।०५।२५ | कृष्णहरी वाग्ले | १ | नेपाल खानेपानी संस्थान, पोखरा | खानेपानीको शुल्क तिर्न जाँदा सेवाग्राहीसंग विभिन्न वहानामा घुस/रिसवत रकम माग | २५००० |
| २० | २०७७।०६।०८ | प्रचण्ड देव विष्ट | १ | महाकाली सिंचाई आयोजना कञ्चनपुर | श्रोत नखुलेको रकम बोकी हिँडेको | ११०००००० |
| २१ | २०७७।०६।।१२ | मोहनलाल ढकाल | १ | करदाता सेवा कार्यालय ईलाम | व्यवसाय पानमा दर्ता गरिदिने भनि सेवागांही संग घुस/रिसवत रकम लिएको | १०००० |
| २२ | २०७७।०६।१३ | राजेश बहादुर ढ्वाल | १ | ईलाका प्रहरी कार्यालय खजुरा, खुर्द, बाँके | काठ लैजान सहजीकरण गरिदिने भनी सेवाग्राहीसंग घुस/रिसवत माग गरेको | १३००० |
| २३ | २०७७।०६।१५ | दिलिप कुमार पंजियार | १ | जनकपुरधाम उप-महानगरपालिका वडा नं १३ | नागरिकता प्रमाणपत्रको सिफारिश गरिदिएवापत सेवाग्राहीसंग घुस/रिसवत रकम माग गरेको | २४००० |
| २४ | २०७७।०६।२७ | कर्ण बहादुर बुढाथोकी | १ | शिक्षा विकास तथा समन्वय ईकाइ ललितपुर | सर्टिफिकेट प्रमाणीकरण गरिदिने भनि सेवाग्राहीसंग घुस/रिसवत लिएको | १००० |
| २५ | २०७७।०६।२९ | राम प्रसाद राना | १ | सीताराम सामुदायिक वन उपभोक्ता समुह, कञ्चनपुर | मुद्दा मिलाईदिन्छु भनि सेवाग्राहीसंग घुस/रिसवत लिएको | ८०००० |
| २६ | २०७७।०६।३० | शिवचन्द्र सहानी, निर्मला केवट | २ | ईलाका प्रहरी कार्यालय बुटवल | मुद्दा मिलाईदिन्छु भनि सेवाग्राहीसंग घुस/रिसवत लिएको | ४००००० |

**ग. दायर मुद्दाको फैसला र आयोगबाट पुनरावेदनः**


आयोगले यस आ.व को प्रथम त्रैमासिकमा सम्मानीत विशेष अदालतमा कुल २९ वटा आरोपपत्र दायर गरेको छ ।त्रैमासिक अवधिसम्ममा दायर गरिएका आरोपपत्रमध्ये अदालतबाट १३ वटा मुद्दा को फैसला प्राप्त भएको छ साथै यस अवधिमा कुल ४२ वटा फैसलामा पुनरावेदन दर्ता भएको छ। जसको विवरण उल्लेखित तालिकामा देखाईएको छ ।

| विवरण | श्रावण | भाद्र | आश्विन | जम्मा |
|---|---|---|---|---|
| मुद्दा दायरी विशेष अदालतमा | १४ | ४ | ११ | २९ |
| लिखित जवाफ दर्ता | ३ | २ | २ | ७ |
| पुनरावेदन दर्ता | ३७ | ४ | १ | ४२ |
| पुनरावलोकन दर्ता | ० | ० | ० | ० |
| प्रतिउत्तर पत्र दर्ता | ० | ० | ० | ० |
| फैसला प्राप्त | १३ | ० | ० | १३ |
| भ्रष्टाचार तर्फ | १० | ० | ० | १० |
| नक्कली प्र.प. तर्फ | ३ | ० | ० | ३ |

त्यस्तै दायर भएका आरोपपत्रमध्ये अदालतबाट भएका १३ वटा फैसलामध्ये १० वटा फैसला भ्रष्टाचारतर्फका रहेका छन् भने ३ वटा नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी रहेका छन्। नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी आरोपपत्रका फैसलामा आयोगले यस त्रैमासिकमा पूर्ण सफलता हासिल भएको छ । यस सम्बन्धी विवरणलाई तालिका र वृत्त चित्रमा उल्लेख गरिएको छ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. फैसला प्राप्त | भ्रष्टाचार तर्फः | सफलः | ६ | थान | नक्कली.प्र.प. तर्फः | सफलः | ३ | थान |
| | | आंशिक सफलः | २ | थान | | आंशिक सफलः | ० | थान |
| | | असफलः | २ | थान | | असफलः | ० | थान |
| | | निर्णय बदरः | ० | थान | | | | |
| | | निर्णय बदरः | ० | थान | | | | |
| | | जम्मा | १० | | | जम्मा | ३ | |

प्रथम त्रैमासिक अवधिमा आरोपपत्रको फैसलाको अवस्थालाई वृत्तचित्रमा देखाउँदा,




## २.३ भ्रष्टाचार नियन्त्रण सम्बन्धी आयोगबाट भएका निरोधात्मक कार्यको विवरण

भ्रष्टाचारजन्य कार्यको नियन्त्रणको लागी आयोगले उजुरीउपर गरिने अनुसन्धान र अभियोजनको दण्डात्मक कार्यले मात्र अपेक्षित परिणाम प्राप्त हुन नसक्ने ठानी भ्रष्टाचार हुनै नदिने वा त्यसलाई रोक्ने निरोधात्मक कार्यहरूलाई निरन्तर रुपमा अगाडि बढाएको छ ।

स्थानीयस्तरमा हुने भ्रष्टाचार न्यूनीकरण र निरोधका लागि सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुलाई अधिकार प्रत्यायोजन गरिएको छ । निजहरुले अनियमितता र भ्रष्टाचारका विषयमा परेका उजुरीहरुका सम्बन्धमा प्रारम्भिक छानवीन गरी तामेलीमा राख्न वा विस्तृत अनुसन्धान गर्न सम्बन्धित कागजात सहित आधार र कारणसमेत खुलाई आयोगको सम्बन्धित कार्यालय मार्फत आयोग समक्ष पठाउनु पर्ने व्यवस्था गरिएको छ ।

आयोगले भ्रष्टाचारविरुद्ध नागरिक समाजसँग सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले प्रत्येक प्रदेशका २/२ वटा गरी १४ जिल्लामा भ्रष्टाचारविरुद्धको नागरिक निगरानी संस्था (Citizen Jury) गठन गरी भ्रष्टाचार विरुद्धको अभियानमा नागरिक समाजको सहभागिता बढाउने कार्यको शुरु गरेको छ ।

## २.४ भ्रष्टाचार नियन्त्रण सम्बन्धी आयोगबाट भएको प्रवर्द्धनात्मक कार्यको विवरणः

आयोगले भ्रष्टाचारविरुद्ध सचेतना फैलाउने प्रवर्द्धनात्मक कार्यहरू अन्तर्गत भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तरक्रिया, छलफल र गोष्ठी तथा विद्यालय अनुशिक्षण लगायतका कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ तथापि विश्वव्यापि महामरीको रुपमा फैलिएको कोभिड -१९ को कारण यस त्रैमासिकमा यस्ता प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालनमा वाधा सिर्जना भयो।

**क. "सुशासन सवाल" टेलिभिजन कार्यक्रम**

आयोग र नेपाल टेलिभिजनसंगको सहकार्यमा अघिल्लो आ. व. देखिनै सुशासन सवाल नामको साप्ताहिक टेलिभिजन कार्यक्रम हरेक मंगलवार साँझ ७:२५ मा प्रशारण हुँदै आएकोमा यस अ.व. को प्रथम चौमासिक अविधमा उक्त टेलिभिजन कार्यक्रम विश्वव्यापि महामरीको रुपमा फैलिएको कोभिड -१९का कारण केही प्रभावित रह्यो ।तथापी यस त्रैमासिक अवधिमा नेपाल टेलिभिजनबाट

१३ वटा श्रृंखला प्रशारण भैसकेको र उक्त श्रृंखलाहरु आयोगको फेसबुक, टुइटर र युटचूव च्यानलबाट समेत यथासम्भव प्रत्यक्ष प्रशारण हुँदै आएको छ र यी कार्यक्रमहरु उक्त च्यानलहरुमा सहज पहुँचका लागि राखिएको छ ।

भ्रष्टाचार नियन्त्रणमा आयोगको भूमिका समेटिएको डकुमेन्ट्री तयार गर्ने, पत्रपत्रिका तथा एफ.एम. रेडियो समेतबाट सन्देशमूलक सूचनाहरु प्रकाशन र प्रसारण गर्ने, ब्रोसर एवम् पोष्टर र पम्प्लेट जस्ता सामाग्रीको छपाइ तथा वितरण गर्ने र नियमित रुपमा भ्रष्टाचारविरुद्धका महत्वपूर्ण लेख रचनाहरु समावेश भएका पुस्तिकाहरु प्रकाशन गर्ने कार्य हुँदै आएका छन् ।

आयोगले भ्रष्टाचारविरुद्ध निष्पक्ष र उत्कृष्ट समाचार सम्प्रेषण गर्ने संचार माध्यमका अतिरिक्त अन्य विभिन्न माध्यमबाट भ्रष्टाचार नियन्त्रणको अभियानमा सहयोग पुऱ्याउने विशिष्ट व्यक्तिहरुलाई पुरस्कृत र सम्मान गर्ने नीति कार्यान्वयन गर्दै आएको छ ।

आयोगका माननीय प्रमुख आयूक्त एवं आयुक्तहरु बिभिन्न जिल्लाहरुमा हुने भ्रष्टाचार नियन्त्रण एवं सुशासन प्रवर्द्धन सम्बन्धी छलफल अन्तर्क्रिया कार्यक्रमहरुमा सहभागी हुदै आउनु भएकोमा चालु आ.व. को यस प्रथम त्रैमासिक अवधिमा भने कोभिड -१९को विश्वव्यापी महामारीको कारणले गर्दा उक्त कार्यक्रमहरु सञ्चालन हुन सकेनन् ।

## २.५ भ्रष्टाचार नियन्त्रण सम्बन्धी आयोगबाट भएका संस्थागत क्षमता विकास सम्बन्धी कार्यको विवरण

### क. आयोगमा नवआगन्तुक कर्मचारीलाई अभिमुखीकरण तालिम सम्पन्न

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय कार्यवाहक प्रमुख आयुक्त डा. गणेशराज जोशीको समुपस्थितिमा मिति २०७७।६।२० गते आयोग र मातहतका कार्यालयहरुमा सरुवा भई आएका नवआगन्तुक कर्मचारीहरुलाई लक्षित गरी सञ्चालित अभिमुखीकरण तालिम कार्यक्रम सम्पन्न भएको छ । मिति २०७७।६।१४ देखि ऐ. २० गतेसम्म ६ दिन संचालित उक्त कार्यक्रममा आयोगको कार्य प्रकृति, आयोगका कर्मचारीहरुले पालना गर्नुपर्ने आचार संहिता तथा अनुशासन, भ्रष्टाचारजन्य कसुरको अनुसन्धान, तहकिकात तथा अभियोजन सम्बन्धी विषयवस्तु र यसका कानूनी एवं प्राविधिक पक्षहरु समावेश गरिएको थियो । कोभिड-१९ को महामारीको कारण असहज परीस्थितिका वावजुद स्वास्थ्य सम्बन्धी नेपाल सरकारले जारी गरेको मापदण्ड एवं नियमको पालना गरी तालिम कार्यक्रममा नवआगन्तुक १७ जना कर्मचारीहरुलाई समावेश गराइएको थियो ।

तालिम समापन कार्यक्रमको महत्वपूर्ण क्षणमा बोल्नुहुँदै आयोगका मा. कार्यवाहक प्रमुख आयुक्त डा. गणेशराज जोशीले नवआगन्तुक कर्मचारीहरुलाई आयोगमा स्वागत गर्दै प्रशिक्षित कर्मचारीहरुलाई आयोगको कार्यविधि तथा आचार संहितालाई आन्तरिकीकरण गरी दवाव र प्रभावमा नपरी समयमा नै अनुसन्धान कार्य सम्पन्न गर्न निर्देशन दिनुभयो । आयोगका मा. आयुक्त डा. सावित्री थापा गुरुङले जीवनका हरेक क्षण सिकाईको क्रममा रहेको र यस प्रकारका सिकाइयुक्त तालिमले आयोगका अनुसन्धान अधिकृतहरुको कार्यक्षमतामा वृद्धि भई आयोगको लक्ष्य प्राप्त हुनेमा विश्वास व्यक्त गर्नुभयो। सोहि अवसरमा तालिम कार्यक्रमको शुभारम्भमा समेत उपस्थित हुनभएका आयोगका सचिव

श्रीमान् सुरेश अधिकारीले सहभागीहरुबाट प्राप्त भएका पृष्ठपोषणलाई आगामी तालिमको संरचना निर्धारण गर्दा समावेश गर्ने बताउनु हुँदै आगामी दिनहरुमा सार्वजनिक खरिद, जग्गा प्रशासन, विकास निर्माणमा गुणस्तर जस्ता विषयहरुमा अनुसन्धान अधिकृतहरुलाई विशिष्टिकृत तालिम सञ्चालन गर्ने योजना रहेको र स्रोतसाधनहरु उपलब्ध गराउने विषयमा आयोगले कहिल्यै पनि कञ्जुस्याँई नगर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै उहाँले कर्मचारीहरुलाई आफ्नो खुबीको उच्चतम प्रयोग गर्दै मर्यादित ढङ्गले समयसीमा भित्र त्रुटिरहीत रुपमा कार्यसम्पादन गर्न समेत निर्देशन दिनुभयो ।

आयोगका प्रवक्ता सहसचिव तारानाथ अधिकारीले तालिमको संक्षिप्त विवरण तथा सहभागीहरुका तर्फबाट तालिमबारे प्राप्त पृष्ठपोषणको बारेमा जानकारी गराउँदै शुरु भएको तालिम समापन कार्यक्रममा सहभागीहरुको तर्फबाट उपसचिव शिवराम भट्टराईले अभिमुखीकरण तालिमबाट आफूहरु अनुसन्धान, तहकिकात र अभियोजनका धेरै जस्तो विषयवस्तुहरुमा सुसूचित हुन पाएको र यसबाट प्राप्त ज्ञानको उच्चतम् प्रयोग गर्दै कार्यसम्पादनमा सकरात्मक परिणाम ल्याउन अधिकतम प्रयत्न गर्ने प्रतिवद्धता व्यक्त गर्नुका साथै तालिम आयोजना गरी सहभागी गराएकोमा सहभागीहरुको तर्फबाट आभार समेत व्यक्त गर्नुभएको थियो ।

## ख.आयोगको अनुसन्धान तथा अभियोजन कार्यमा विज्ञान प्रविधिको उपयोग

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो अनुसन्धान तथा अभियोजनको कार्यलाई वस्तुपरक तथा वैज्ञानिक बनाउने हेतुले विभिन्न विज्ञान तथा प्रविधिहरुको प्रयोग गर्दै आइरहेको छ। आयोगमा आफ्नै पोलिग्राफ परीक्षण प्रयोगशाला, इञ्जिनियरिङ्ग प्रयोगशाला साथै फोरेन्सिक ल्याब पनि स्थापना भएको छ । यस ल्याबबाट आयोगले आ.व. २०७७।०७८ को प्रथम त्रैमासिक (श्रावण-आश्विन) सम्म कुल ८१ वटा विभिन्न साधनहरुको परीक्षण गरेको ५ । फरेन्सिक ल्याव परीक्षणको विवरण निम्नबमोजिम रहेको छ।

| सि.नं | विषय | आ.व. २०७७/०७८ प्रथम त्रैमासिक (श्रावण- आश्विन) |
|---|---|---|
| १ | मोवाईल | ५७ |
| २ | HARD DISK | ५ |
| ३ | LAPTOP | १ |
| ४ | सिमकार्ड | १८ |
| जम्मा | | ८१ |


- त्यस्तै आयोगमा अनुसन्धानको शिलशिलामा झुठा वोले नवोलेको पत्ता लगाउनको लागि गरिने पोलिग्राफ परीक्षण प्रयोगशालाबाट १९ जना झुठ बोलेको साथै १ जना झुठा नबोलेको पत्ता लागेको छ। आ.व २०७७।०७८ को प्रथम त्रैमासिक अवधिको पोलिग्राफ परीक्षण प्रयोगशाला विवरणलाई निम्न तालिकामा उल्लेख गरिएको छ।

| आ.व. २०७७।०७८ श्रावण महिनाको परीक्षण विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| परीक्षणको लागि असहमत | झुठ बोलको संकेत प्राप्त | स्विकार गरेको | राय दिन नसकेको | सेन्सरले सपोर्ट नगरेको | पुरुष | महिला | जम्मा परीक्षण संख्या |
| ०६ | ०८ | ०२ | - | ०१ | १७ | - | १७ |

| आ.व. २०७७।०७८ भाद्र महिनाको परीक्षण विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| परीक्षणको लागि असहमत | झुठ बोलको संकेत प्राप्त | झुठ नबोलको संकेत प्राप्त | राय दिन नसकेको | सेन्सरले सपोर्ट नगरेको | पुरुष | महिला | जम्मा परीक्षण संख्या |
| ०३ | ०६ | - | - | - | ०९ | - | ०९ |

| आ.व. २०७७।०७८ आश्विन महिनाको परीक्षण विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| परीक्षणको लागि असहमत | झुठ बोलको संकेत प्राप्त | झुठ नबोलको संकेत प्राप्त | राय दिन नसकेको | सेन्सरले सपोर्ट नगरेको | पुरुष | महिला | जम्मा परीक्षण संख्या |
| ०१ | ०५ | ०१ | ०१ | - | ०८ | - | ०८ |

पोलिग्राफ परीक्षण प्रयोगशालाको आ.व. २०७७।०७८ को प्रथम त्रैमासिक अवधिको विवरणलाई थप प्रष्ट पार्न निम्न स्तम्भ चित्रमा समेत उल्लेख गरिएको छ




।

❖ आयोगको कामकारवाहीलाई अझै तथ्यमा आधारित र यथार्थपरक बनाउन र आयोजनाहरुको गुणस्तर मापनको लागि आयोगको कार्यालय तथा मातहतका सबै कार्यालयमा समेत Engineering Laboratory स्थापना गरिएको छ। आयोगमा परिक्षण गर्न सकिने नमुनाको परिक्षण आयोगकै Engineering Laboratory मा गरिएको र आयोगमा गर्न नसकिने परिक्षण अन्य सरकारी तथा गैर सरकारी निकायमा Sampling गरी परिक्षणको लागि पठाउने गरिएको छ। प्रथम त्रैमासिक अवधिमा आयोगमा गरिएको Engineering Laboratory को परीक्षणको विवरण यहाँ प्रस्तुत गरिएको छ।

| क्रम शंख्याः | योजनाको नामः | परिक्षण : |
|---|---|---|
| १. | **सडक विस्तार आयोजना अन्तर्गत** गोदावरी-लुभु-लामाटार सडक खण्ड। | १)Asphalt सडकमा Bitumen को मात्रा यकिनगर्ने परिक्षण (Bitumen Extraction Test )<br>२) Asphalt सडकको thickness परिक्षण।<br>३) Asphalt core को Density Test . |
| २. | **सडक डिभिजन काठमाडौं अन्तर्गत** शंखपार्क-हाडिगाउँ-ज्ञानेश्वर सडक खण्ड। | १)Asphalt सडकमा Bitumen को मात्रा यकिनगर्ने परिक्षण (Bitumen Extraction Test.)<br>२) Asphalt सडकको thickness परिक्षण।<br>३) Asphalt core को Density Test. |
| ३. | **सडक डिभिजन काठमाडौं अन्तर्गत** *त्रिदेवी मार्ग संचयकोष सडक खण्ड*। | १)Asphalt सडकमा Bitumen को मात्रा यकिन गर्ने परिक्षण (Bitumen Extraction Test )<br>२) Asphalt सडकको thickness परिक्षण।<br>३) Asphalt core को Density Test. |
| ४. | **सडक डिभिजन ललितपुर अन्तर्गत** १)गोदावरी पुल ; (ग्वार्को)-लुभु-लाकुरी भन्ज्याङ सडक । | Bridge मा schmidt hammer द्वारा (NDT)test. |
| ५. | **सडक डिभिजन ललितपुर अन्तर्गत** पुल्चोक जावलाखेल सडक खण्ड। | १)Asphalt सडकमा Bitumen को मात्रा यकिन गर्ने परिक्षण (Bitumen Extraction Test ) |

| | | |
|---|---|---|
| | | २) Asphalt सडकको thickness परिक्षण ।<br>३) Asphalt core को Density Test . |
| ६. | **सडक डिभिजन भक्तपुर अन्तर्गत** जगदम्बा टाबर- निकोसेरा सडक। | १)Asphalt सडकमा Bitumen को मात्रा परिक्षण ।<br>२)Asphalt सडकको thickness परिक्षण ।<br>३)Asphalt core को Density Test.<br>४) kerb stone को schmidt hammer द्वारा (NDT)test.<br>५) Interlocking block को compressive strength test. |
| ७. | **सडक डिभिजन भक्तपुर अन्तर्गत** जगाती-च्यामासिङ्ग-कमलबिनायक सडक। | १)Asphalt सडकमा Bitumen को मात्रा परिक्षण ।<br>२) Asphalt सडकको thickness परिक्षण ।<br>३) Asphalt core को Density Test . |
| ८. | शहरी विकास तथा भचन निर्माण विभाग अन्तर्गत **संघिय संसद भवन** निर्माण योजना सिंहदरबार, काठमाडौं। | १)re-bar परिक्षण (tensile strength test / Elongation test.<br>२)Aggregate को(AIV)परिक्षण ।<br>३)बालुवामा माटोको मात्रा परिक्षण ।<br>४)इँटाको water Absorption test/compressive strength test.<br>५) schmidt hammer द्वारा (NDT)test. |
| ९. | विशेष भवन निर्माण योजना अन्तर्गत संचालीत ३००० जना क्षमताको **अन्तराष्ट्रिय सभाहल** गोदावरी, ललितपुर। | १)re-bar परिक्षण (tensile strength test /Elongation test.<br>२)schmidt hammer द्वारा (NDT)test. |
| १०. | राष्ट्रिय पुनःनिर्माण प्राधिकरण अन्तर्गत **धरहरा** निर्माण कार्य सुनधारा काठमाडौं। | १)schmidt hammer द्वारा (NDT)test.<br>२)Aggregate AIV test<br>३) sand को clay % test |

| | | |
|---|---|---|
| ११. | नागरिक उड्डयन प्राधिकरण अन्तर्गत **धावनमार्ग** विस्तार कार्य सिनामंगल, काठमाडौं। | १)Asphalt run-way मा Bitumen को मात्रा यकिनगर्ने परिक्षण (Bitumen Extraction) Test<br>२) Asphalt को बिभिन्न layer को thickness Test.<br>३) Asphalt core को Density Test . |
| १२. | जिल्ला काठमाडौं, तारकेश्वर नगरपालिका वडा नं. ११ स्थित अष्टनारायण हल हुँदै वडा नं. १० र २ को शेषमति पुल, लामाबगर शिव मन्दिर जरङखु हुँदै काभ्रस्थलि सम्मको सडक विस्तार(**सडक डिभिजन काठमाडौं** ) । | 1) Field Density test.<br>२)Compaction test.<br>३)AIV Test.<br>४) schmidt hammer द्वारा (NDT)test. |
| १३. | सीता पाइला — भिम ढुंगा — धार्के सडक योजना **(सडक डिभिजन काठमाडौं** ) । | 1) Asphalt सडकमा Bitumen को मात्रा यकिनगर्ने परिक्षण (Bitumen Extraction) Test.<br>२) Asphalt सडकको thickness परिक्षण<br>३) Asphalt को Density test.<br>३) (Schmidt hammer द्वारा)concrete को NDT Test. |
| १४. | कपन - आकासे धारा - राम मन्दिर सडक **(सडक डिभिजन काठमाडौं** ) । | AIV test . |
| १५. | आयोगको कार्यालय इटहरी सडक विस्तार (**उत्तर — दक्षिण सडक**) रानी बिराटनगर सडक खण्ड । | १)Asphalt को Density test<br>.२)Asphalt सडकमा Bitumen को मात्रा यकिनगर्ने परिक्षण (Bitumen Extraction )Test. |
| १६.. | आयोगको कार्यालय इटहरी सडक विस्तार(**उत्तर —दक्षिणसडक**)रानी बिराटनगर सडक खण्ड। | १)Asphalt को Density test. |
| १७. | आयोगको कार्यालय हेटौडा बाट प्राप्त नमुना । | १)cement परिक्षण । |

***३.आयोगमा भएका अन्य गतिविधि***

**क.प्रमुख आयक्त माननीय नवीन कुमार घिमिरेको विदाई सम्पन्न**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त माननीय नवीन कुमार घिमिरे नेपालको संविधानको धारा २३८ को उपधारा (४) को खण्ड (ख) बमोजिम उमेरहदका कारण २०७७ भदौ २९ गतेबाट निवृत्त हुनुहुने भएकोले आयोगको कार्यालय परिसरमा २०७७ भदौ २८ गते आयोगका पदाधिकारी एवं कर्मचारीहरुको उपस्थितिमा एक बिदाई समारोहको आयोजना गरियो ।

बिदाई समारोहमा निवृत्त हुन लाग्नुभएका प्रमुख आयुक्त मा. नवीन कुमार घिमिरेलाई मा. आयुक्त डा. गणेशराज जोशी र मा. आयुक्त डा. सावित्री थापा गुरुङले पुष्पगुच्छा र मायाँको चिनो उपहार प्रदान गर्नुभयो। सो अवसरमा प्रमुख आयुक्त माननीय नवीन कुमार घिमिरेलाई आयोगका सम्पूर्ण कर्मचारीहरुको तर्फबाट आयोगका सचिव श्रीमान् सुरेश अधिकारी, महाशाखा प्रमुख एवं कार्यालय प्रमुख एवं विज्ञहरुले पुष्पगुच्छा र शुभशब्दसहित बिदाई गर्नुभयो ।

समारोहमा बोल्दै प्रमुख आयुक्त मा. नवीन कुमार घिमिरेले आफूले आयोगमा आयुक्त र पछि प्रमुख आयुक्तको रुपमा करिव साढे पाँच बर्ष सेवा गर्ने अवसर पाएको र भदौ २९ गतेबाट ४३ बर्ष भन्दा बढीको सार्वजनिक जीवनबाट नागरिक जीवनमा फर्कन लागेको उल्लेख गर्दै यस दौरान आफूले सदैव एक निर्भिक प्रशासकको रुपमा काम गर्ने प्रयास गरेको बताउनु भयो । आफ्नो नेतृत्व अवधिमा आयोगले जति उपलब्धी हाँसिल गरेको छ ति सबै आयोग र आयोगमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको समूहिक प्रयत्न र योगदानको परिणाम भएको उल्लेख गर्दै कुनै कमजोरी भएको भए सोको सम्पूर्ण जिम्मेवारी आफूले लिने बताउनु भयो र यस अवधिमा आफुलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने तथा सकारात्मक एवं आलोचनात्मकसमेत प्रतिक्रिया सहित राय सल्लाह सुझाव दिने सबै प्रति धन्यवाद दिनुभयो । सो अवसरमा उहाँले आफूलाई विश्वास गरी जिम्मेवारी दिने सम्माननीय राष्ट्रपतिज्यू एवं सम्माननीय प्रधानमन्त्रीज्यू लगायत संवैधानिक परिषद्का विशिष्ट पदाधिकारीहरु प्रति हार्दिक आभार व्यक्त गर्नुभयो ।

आयोगमा रहेर कार्यसम्पादन गर्दा सामाजिक सञ्जाल तथा संचार माध्यमबाट प्रस्तुत विषयहरु आवश्यकता अनुसार सूचनाको रुपमा ग्रहण गर्ने गरिएको तर त्यसबाट निर्देशित नहुने उल्लेख गर्दै नेपालको संविधानबाट आयोगलाई प्राप्त कार्यक्षेत्र भित्र रही प्रचलित ऐन, नियम, कार्यविधिसहितको कानूनको सीमाभित्र रहेर आयोगले आफ्नो काम गर्ने गरिएको वताउनु भयो । उहाँले आयोगको विकल्प भनेको अझ सुदृढ, सशक्त र प्रभावकारी अख्तियार दुरुपयोग अनुसन्धान आयोग नै हो भन्ने बुझ्नुपर्ने बताउनुभयो ।

आफू निवृत्त भएपनि आयोगका लागि आवश्यक परे सातै दिन चौविसै घण्टा आफ्नो ढोका खुल्ला रहने र उत्साहपूर्वक सहयोग गर्ने वचनबद्धता व्यक्त गर्दै आयोगको नयाँ नेतृत्वलाई सदा झै सहयोग गर्न सबैसंग आग्रह गर्नुभयो ।

सो अवसरमा बोल्दै आयोगका मा. आयुक्त डा. गणेशराज जोशीले प्रमुख आयुक्त मा. नवीन कुमार घिमिरेको नेतृत्व अवधिमा आयोग सामूहिक नेतृत्वमा क्रियाशील रहेको, आयोगको जस अपजस भागिदार पनि सामूहिक रुपमा नै रहेको, प्रमुख आयूक्तको स्पष्ट र निर्भिक कार्यशैलीले आफु अत्यन्त प्रभावित भएको र उहाँले

देखाएको बाटोमा आयोग अविचलित चलिरहने बताउदै आगामी दिनमा प्रमुख आयूक्तज्यूको र उहाँको परिवारसमेतको जीवन सुस्वास्थ्य र सुखमय रहोस् भन्ने कामना गर्नुभयो ।

यसैगरी आयोगका मा. आयुक्त डा. सावित्री थापा गुरुङले प्रमुख आयुक्त मा. नवीन कुमार घिमिरेको कुशल नेतृत्वमा आयोगले यस अवधिमा इतिहासमा नै अविष्मरणीय उपलब्धी हाँसिल गरेको उल्लेख गर्दै उहाँको खरो र निर्भिक स्वभावले आयोगको क्रियाशीलतामा गति थप्नुका साथै आयोगले नयाँ परिचय दिन सक्षम भएको र यो अवधि भ्रष्टाचार नियन्त्रण र सुशासन अभिबृद्धिमा उल्लेख्य प्रगति भएको बताउनुभयो । आयोगले उहाँबाट भविष्यमा सदैव साथ सहयोग र हौसला पाइनै रहनेमा विश्वास्त रहदै उहाँले प्रमुख आयुक्त मा. नवीन कुमार घिमिरेले देखाउनु भएको

गोरेटो छोड्ने छैनौ भन्ने बचनबद्धता व्यक्त गर्नुभयो । साथै मा. प्रमुख आयुक्तको निवृत्त जीवन एवं उहाँको परिवारको समेत जीवन सुखमय र सुस्वास्थ्य होस् भनी कामनासमेत गर्नुभयो ।

यस अघि आयोगका सम्पूर्ण कर्मचारीहरुको तर्फबाट आयोगका सचिव श्रीमान् सुरेश अधिकारीले आयोगका प्रमुख आयुक्त मा. नवीनकुमार घिमिरेले आयोगमा प्रमुख आयुक्त र आयुक्तसमेतमा गरी ५ बर्ष ५ महिना ९ दिन सेवा गरी ६५ बर्षको उमेर हदका कारण अवकास हुन लाग्नुभएको उल्लेख गर्दै आयोगको प्रतिष्ठा र गरिमा अभिबृद्धि गर्न उहाँको नेतृत्वमा आयोग सफल भएको बताउनु भयो । लामो प्रशासनिक अनुभवको जगमा माननीय प्रमुख आयुक्तको विधि र पद्दतिलाई मूलमन्त्रको रुपमा लिने स्वभाव, विषयबस्तुमा स्पष्ट मार्गदर्शन एवं कर्मचारीहरुलाई हुने स्पष्ट निर्देशनबाट आयोगको कार्यसम्पादनमा सहजता हुने गरेको बताउनु भयो । यस अवधिमा आयोगले कसैको अनुहार हेरेर होइन, वातावरणीय प्रभावबाट मुक्त भएर आफ्ना सम्पूर्ण काम कारवहीहरु स्पष्ट र स्थापित मापदण्डको आधारमा गर्ने गरेको र जसको परिणाम स्वरुप मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न महत्वपूर्ण उपलब्धी हाँसिल भएको उल्लेख गर्दै माननीय प्रमुख आयुक्तले आयोगको मनोवल उच्च बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको बताउनु भयो । साथै उहाँले मा. प्रमुख आयुक्तको निवृत्त जीवन एवं उहाँको परिवारको समेत जीवन सुखमय र सुस्वास्थ्य होस् भनी कामना गर्नुभयो ।

**ख. कार्यवाहक प्रमुख आयुक्तको रुपमा मा.आयुक्त डा. गणेशराज जोशीको कार्य आरम्भ**

उमेर हदका कारण माननीय प्रमुख आयुक्त नविन कुमार घिमिरे निवृत्त भएपश्चात मिति २०७७।०५।२९ गतेबाट आयोगका माननीय आयुक्त डा. गणेशराज जोशीले कार्यवाहक प्रमुख आयुक्तको रुपमा कार्य आरम्भ गर्नुभएको छ । २०७१।१२।१९ गते माननीय आयुक्तको रुपमा नियुक्त हुनुभएका कार्यवाहक प्रमुख आयुक्त डा. गणेशराज जोशीमा पर्यटन मन्त्रालय, कृषि मन्त्रालय, वातवरण मन्त्रालय ,वन मन्त्रालयको सचिव साथै मिति २०६९।०७।१४ देखि२०७०।०३।०३ सम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगकै सचिवको रुपमा काम गरेको अनुभव रहेको छ ।

## *४. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवमा नेपाल सरकारका राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।०८ को निर्णयबाट स्वीकृत भई

कायम भएको दरबन्दी तेरिजवमोजिम आयोगको केन्द्र टंगालमा बाह्रवटा महाशाखाहरु सहित ५१२ जनाको दरबन्दी कायम भएको छ । त्यसैगरी मातहत आयोगको कार्यालय ७ वटा र १ सम्पर्क कार्यालय (बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज) मा जम्मा ४७८ जनाको दरबन्दी गरी आयोगअन्तर्गत देहायअनुसार कुल ९९० जना कर्मचारी दरवन्दी रहेको छ ।

| श्रेणी/कार्यालय | टंगाल | इटहरी | बर्दिवास | हेटौंडा | पोखरा | बुटवल | नेपालगंज | सुर्खेत | कंचनपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रा.प. विशिष्ट | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| रा.प.प्रथम | १३ | १ | १ | १ | १ | १ | ० | १ | १ | २० |
| रा.प.द्वितीय | ६४ | ४ | ४ | ४ | ४ | ४ | १ | ४ | ४ | ९३ |
| रा.प.तृतीय | १०७ | १७ | १८ | १७ | १५ | १५ | ८ | १७ | १५ | २२९ |
| **अधिकृतस्तर** | **१८५** | **२२** | **२३** | **२२** | **२०** | **२०** | **९** | **२२** | **२०** | **३४३** |
| रा.प.अनं. प्रथम | ११८ | १७ | १७ | १७ | १७ | १४ | १३ | १६ | १७ | २४६ |
| रा.प.अनं. द्वितीय | २४ | ४ | ४ | ४ | ४ | २ | ३ | २ | ४ | ५१ |
| रा.प.अनं. तृतीय | २६ | ४ | ४ | ४ | ४ | ३ | २ | ४ | ४ | ५५ |
| रा.प.अनं. चतुर्थ | ६४ | ७ | ७ | ७ | ७ | ६ | ४ | ७ | ७ | ११६ |
| श्रेणी विहिन | ९५ | ११ | ११ | ११ | ११ | १० | ९ | १० | ११ | १७९ |
| **सहायकस्तर** | **३२७** | **४३** | **४३** | **४३** | **४३** | **३५** | **३१** | **३९** | **४३** | **६४७** |
| **जम्मा** | **५१२** | **६५** | **६६** | **६५** | **६३** | **५५** | **४०** | **६१** | **६३** | **९९०** |

आयोगको कार्यालय टंगाल र अन्तर्गत कार्यालयमा साविकमा ९२७ स्वीकृत दरबन्दी रहेकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०१।०८ को निर्णयबाट अत्यावश्क ६८ पद थप सिर्जना र अनावश्यक ५ पद खारेज भई हाल उक्त ९९० को दरबन्दी कायम हुन आएको छ । आयोगमा उपरोक्त अनुसारको स्वीकृत दरवन्दीमा स्थायी कर्मचारीका अतिरिक्त केही दरवन्दीमा करार सेवा अन्तर्गतको जनशक्तिबाट समेत सेवा प्रवाह हुँदै आएको छ । जसअनुसार कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यलय सहयोगी पदमा गरी आयोगमा जम्मा ४५ जना व्यक्तिहरु करारमा कार्यरत रहेका छन् ।

## ५. *आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्वन्धी अद्यावधिक विवरण*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०७७/७८ को वजेट विनियोजन र प्रथम त्रैमासिक अवधिको खर्चको विवरण देहाय अनुसार छ।

| क्र. स. | वजेट उप-शीर्षक | आ.व.२०७७/७ को वार्षिक विनियोजित बजेट रू. | आ.व.२०७७/७ को प्रथम त्रैमासिकमा जम्मा खर्च रू. |
|---|---|---|---|
| १ | चालु खर्च (२०६०००१३) | ५५,५६,५२,००० | ७,३३,०१,४३६। |
| २ | चालु खर्च (२०६०००११३) | ९९,००,०००। | ८,११,९३८। |
| ३ | पुँजीगत २०६०००११४ | २०,४५,३०,०००। | ५४,९१८।२ |
| | जम्मा | ७७,००,८२,०००। | ७,४१,६८,२९२।२ |

साथै आर्थिक वर्ष २०७७/७८ प्रथम त्रैमासिक अवधिको धरौटीको विवरण देहायअनुसार छ।

| क्र.स. | विवरण | रकम रू. |
|---|---|---|
| १ | गत आ.व. २०७६/७७ को मौज्दात रकम रू. | ३,२४,४२,७८२।७० |
| २ | यस आ.व. २०७७/७८ को प्रथम त्रैमासिक अवधिमा मा प्राप्त आम्दानी रकम रू. | ८५,२२,१२१। |
| ३ | यस आ.व. २०७७/७८ को प्रथम त्रैमासिक अवधिमा धरौटी फिर्ता रकम रु. | ६,६५,५००। |
| ४ | जम्मा वाँकी मौज्दात रकम रु. | ४०२९९४०३।७० |

आर्थिक वर्ष २०७७/७८ को प्रथम त्रैमासिक अवधिको राजश्व आम्दानीको विवरण देहायअनुसार छ।

| क्र.स. | विवरण | रकम रू. |
|---|---|---|
| १ | सरकारी सम्पत्तिको विक्रीबाट प्राप्त आम्दानी | २०० |
| २ | विद्युत सेवा शुल्क | ० |
| ३ | न्यायिक दस्तुर | ११० |
| ४ | अन्य प्रशासनिक सेवा शुल्क | १,८०,०००। |
| ५ | प्रशासनिक दण्ड जरिवाना र जफत | ५,०००। |
| ६ | बेरूजु | ५,२७२। |
| ७ | गत वर्षको नगद मौज्दात | ० |
| | जम्मा | १,९०,५८२। |

### *६.सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिएको विषय*

आयोगमा यस आ.व. को प्रथम त्रैमासिकमा सूचना माग गरि जम्मा ४१ वटा निवेदन परेको र उक्त निवेदन उपर कारबाही हुँदा ३१ वटा निवेदनका निवेदकले माग गरे बमोजिम सूचना प्राप्त गरेको अवस्था छ । उक्त निवेदनहरु मध्ये ८ वटा निवेदन असम्बन्धित व्यक्तिले असम्बन्धित विषयमा सूचना माग गरेको पाइएकोले सूचना उपलब्ध गराउन सकिएन । साथै १ वटा निवेदन दोहोरो परेको र २ वटा निवेदन कारबाहीको प्रक्रियामा रहेका छन् ।

### *७. आयोगको वेबसाइट र सोको विवरण*

आयोगको वेवसाइट www.ciaa.gov.np रहेको छ । उक्त वेबसाइटमा आयोगको परिचय, आयोगका पदाधिकारीहरुको परिचय, गठन, सांगठनिक संरचना, आयोग मातहतका कार्यालयहरुको विवरण, ऐन कानून, प्रतिवेदन, सूचना, प्रेस विज्ञप्ति तथा आयोगका विभिन्न प्रकाशनहरु सूचीकृत गरिएको छ । यसका अलावा अनलाइन मार्फत उजुरी प्रेषित गर्ने व्यवस्थासमेत मिलाइएको छ । २०७२ माघ महिनादेखि आयोगको हटलाइन १०७ मार्फत उजुरी गुनासाहरु सम्प्रेषण गर्न सकिने व्यवस्था मिलाइएको छ । यसका साथै आयोगको Android मोबाइल एप्लिकेसन FACCIAA (Fight Against Corruption) समेतबाट उजुरी तथा गुनासाहरु सजिलैसगँ आयोगमा संप्रेषण गर्न सकिने व्यवस्था गरिएको छ । आयोगको फेसबुक पेज www.facebook.com/NepalCIAA मार्फत आयोगका प्रेस विज्ञप्ति सार्वजनिक गरी सूचना संप्रेषण गर्ने व्यवस्था गरिएकोछ ।

<u>गुनासो/उजुरीका लागि</u>

हटलाइन नं.: १०७ (उजुरीको लागि)
टोल फ्रि नं.: १६६०-०१-२२२३३ (उजुरी को लागि )
टेलिफोन नं.: ०१-५२६२१५१ (सामान्य प्रशासकीय विषयका लागि)
भाइबर नं.: +९७७-९८६३३३३१९१ (भाइबर/SMS मार्फत उजुरीका लागि)
फ्याक्स नं.: ०१-५२६२१०४/५२६२१२८ (फ्याक्स गर्नका लागि)
ईमेल : ujuri@ciaa.gov.np (ईमेल माफत उजुरीका लागि)
फेसबुक: /NepalCIAA (उजुरी Messages गरेर)
ट्विटर: @ciaa_nepal (उजुरी Messages गरेर)
हुलाक मार्फत वा आयोगमा आफैं उपस्थित भएर

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको त्रैमासिक विवरण

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल**

## *१. आयोगको स्वरुप र प्रकृति*

नेपालमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रबर्द्धन गर्नको लागि नेपालको संविधानको भाग २१, धारा २३८ मा संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ। जस अनुसार आयोगमा प्रमुख आयुक्त र अन्य चारजना आयुक्तहरु रहनेछन् । प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भै काम गर्ने व्यवस्था छ । राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा प्रमुख आयुक्त र आयुक्तको नियुक्ति गर्ने प्रावधान छ। आयोगका प्रमुख आयुक्त र आयुक्तको पदावधी नियुक्तिको मितिले छ वर्षको हुनेछ । प्रमुख आयुक्त र आयुक्त ६५ वर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने व्यवस्था रहेको छ ।

संविधानको धारा २३९ ले सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीहरु

माननीय कार्यवाहक प्रमुख आयुक्त — डा. गणेशराज जोशी

माननीय आयुक्त — डा. सावित्री थापा गुरुङ

आयोगको केन्द्रीय कार्यालय, टंगाल, काठमाडौंमा रहेको छ । आयोग मातहत देहायका ७ वटा कार्यालयहरु र एउटा सम्पर्क कार्यालय रहेका छन् ।

| सि. नं. | कार्यालयको नाम | कार्यालयको फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| १. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं | हट लाइन नं. १०७<br>०१५२६२१५१ | ०१-५२६२१२८<br>०१५२६२१०४ |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरी | ०२५-५८६९७० | ०२५-५८५६०० |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास | ०४४-५५०६८६ | ०४४-५५०५३१ |
| ४. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा | ०५७-५२१७४४ | ०५७-५२०३६९ |

| सि. नं. | कार्यालयको नाम | कार्यालयको फोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| ५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा | ०६१-५४०४५१ | ०६१-५४०४५२ |
| ६. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवल | ०७१-५४०८३७<br>०७१-५४००३१ | ०७१-५४०८२३ |
| | क. बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज | ०८१-५५०६२६,<br>०८१-५५०६२७ | ०८१-५५०४२६ |
| ७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत | ०८३-५२१९६०<br>०८३-५२३१७८ | ०८३-५२३८८४ |
| ८. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुर | ०९९-५२४२६३<br>०९९-५२१११७ | ०९९-५२२७९५ |

## *२.आयोगको काम, कर्तव्य र अधिकार*

नेपालको संविधानको भाग २१ को धारा २३९ बमोजिम "(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सक्नेछ ।

तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।

(२) धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषदबाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि संघीय कानून बमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ ।

(३) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

(४) उपधारा (१) वा (२) बमोजिम भएको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीका लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।

(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(६) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ । त्यसैगरी संविधानको धारा २९३ मा संवैधानिक निकायको काम कारवाहीको अनुगमन संसदीय समितिबाट हुने व्यवस्था रहेको छ भने धारा २९४ मा आयोगको बार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष बुझाउने सम्बन्धी व्यवस्था रहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई अनुसन्धान गरी अभियोजन गर्ने कार्यको अतिरिक्त कानुनी राज्यको अवधारणा अनुरुप सुशासन कायम गर्न र सार्वजनिक सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ। जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु सम्पादित हुने गरेको छन्:

- विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटि भए सुधार गर्न सुझाव दिने
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने ।
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसँग समन्वय, आपसी सहयोग र सम्वन्ध सुदृढ गर्ने ।
- आवश्यकतानुसार सम्वन्धित विषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

### ३.आयोगबाट प्रदान गरिने सेवा

नेपालको संविधानमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरु उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गरी कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउन सक्ने व्यवस्था गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा आयोगले अनुसन्धान र तहकिकात गर्न वा अन्य कारवाही चलाउन सक्ने व्यवस्था रहेअनुसार भ्रष्टाचार सम्बन्धी प्राप्त हुने उजुरी आयोगका सबै कार्यालयहरुमा दर्ता गर्ने व्यवस्था गरिएको छ ।

आयोगमा विचाराधिन अवस्थामा रहेको कुनै विषयसँग सम्बन्धित कागजात र कुनै कागजातको नक्कल नदिने गरी आयोगबाट निर्णय वा आदेश भएकोमा त्यस्तो कागजातको नक्कल उपलब्ध हुदैन। त्यसैगरी आयोगबाट हुने अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारवाहीलाई प्रतिकूल असर पार्ने देखिएका विषयमा कुनै सूचना उपलब्ध हुदैन ।

तर आयोगबाट मुद्दा नचल्ने तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिलसंलग्न कागजातहरुमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सम्बन्धित सरोकारवालालाई त्यस्तो नक्कल उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

यसैगरी आयोगमा दर्ता गराएको कुनै उजुरी वा आयोगको कुनै कामकारवाही उपर सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई अनुसन्धान, तहकिकात वा अभियोजनसम्बन्धी कारवाहीलाई प्रतिकूल असर नपार्ने गरी सूचना उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

### *४.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी*

भ्रष्टाचार सम्बन्धी उजुरी दर्ता गर्नका लागि आयोगको मुल दर्ता शाखा जिम्मेवार रहन्छ । हटलाइन १०७ मा आउने उजुरीका लागि प्रहरी महाशाखाका साथै टोल फ्रि, भाइवर तथा इ-मेल मार्फत आउने उजुरीका लागि नीति तथा योजना महाशाखा जिम्मेवार रहन्छन् ।

आयोगबाट मुद्दा नचल्ने तामेलीमा राख्ने निर्णय भएको विषयसँग सम्बन्धित मिसिलसंलग्न कागजातहरुमध्ये आयोगमा दिएको बयान वा आयोगको निर्णयको नक्कल माग गर्ने सरोकारवालालाई सो नक्कल उपलब्ध गराउन आयोगको तामेली शाखाको शाखा प्रमुख जिम्मेवारी हुन्छन् ।

यसैगरी सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सरोकारवाला नेपाली नागरिकलाई सूचना उपलब्ध गराउने जिम्मेवारी आयोगको सूचना समन्वय शाखा प्रमुख एवं सूचना अधिकारीको हुन्छ ।

### *५.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि*

आयोगबाट प्रदन हुने सेवाका लागि सामान्यतय कुनै शुल्क दस्तुर लाग्दैन ।

सरोकारवाला नेपाली नागरिकले अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल मागन आएमा प्रति पाना रु. ५/- दस्तुर लाग्ने र निवेदन दिएको भोलीपल्ट सम्बन्धित सरोकारवाला नेपाली नागरिकले सेवा पाउन सक्दछन् ।

सरोकारवाला नेपाली नागरिकले सूचनाको हक अन्तर्गत सूचना मागन आएमा सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधी लाग्ने तथा दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा बढी भएमा प्रति पेज रु. ५/- दस्तुर लाग्दछ ।

## *६.निर्णय गर्ने प्रक्रिया र अधिकारी*

### क. उजुरी सम्बन्धी निर्णय प्रक्रिया

- आयोगमा प्राप्त सबै उजुरीहरु दर्ता पश्चात स्क्रिनिङ्ग कमिटीमा उजुरीको सम्बन्धमा छलफल भै अनुसन्धान गर्नु पर्ने उजुरीहरु सम्बन्धित महाशाखा, आयोगका कार्यालयहरु वा नेपाल सरकारका अन्य उपयुक्त कार्यालय वा पदाधिकारीहरुमा लेखी पठाउन र तामेलीमा राख्ने उजुरीहरु तामेलीमा राखी लगत कट्टा गर्न सिफारिश भएका आधारमा आयोगबाट निर्णय हुने गर्दछ ।
- स्क्रिनिङ्ग कमिटी, महाशाखा वा मातहतका कार्यालयहरुको सिफारिसमा प्रारम्भिक छानबिन वा विस्तृत अनुसन्धान गर्ने गरी आयोगबाट निर्णय हुने गर्दछ ।
- अनुसन्धान अधिकृतको सिफारिसको आधारमा सम्मानित विशेष अदालतमा मुद्दा दायर गर्ने सम्बन्धमा आयोगबाट निर्णय हुने गर्दछ ।

### ख. नक्कल र सूचना लिने सम्बन्धी प्रक्रिया

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३७ बमोजिम नक्कल माग गर्ने सरोकारवाला नेपाली नागरिकले सोही नियमावलीको अनुसूचि १५ वमोजिमको ढाँचामा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनु पर्ने ।
- निवेदन साथ वादी र आरोपित व्यक्तिको नाम तथा विवरण सहित सरोकार देखिने व्यहोरा खुलाउनु पर्ने ।
- निवेदनमा कुन-कुन कागजको नक्कल चाहिएको हो त्यसको विवरण खुलाउनु पर्ने ।
- सकेसम्म तामेलीमा रहेको मिसिलको तामेली नम्वर खुलाउनु पर्ने ।
- नक्कलका लागि परेको निवेदन माथि कारवाही भई नक्कल दिने निर्णय भएपछि तामेली शाखा प्रमुखले तोकि दिए बमोजिमको शुल्क आर्थिक प्रशासन शाखामा बुझाएको रसिद संलग्न गर्नुपर्ने ।
- नक्कलको लागि शुल्क बुझाएको दिनमा नै प्रमाणित नक्कल सरोकारवाला सेवाग्राहीले पाउने ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्ने सम्बन्धित सरोकारवाला नेपाली नागरिकले आयोगद्वारा निर्दिष्ट ढाँचा निवेदन लेखी आयोगको मूलदर्तामा दर्ता गराउनु पर्ने ।
- आयोगमा दिएको उजुरीको सम्बन्धमा सूचना माग गर्ने सरोकारवालाले उजुरी दर्ता नम्वर अनिवार्य रुपमा खुलाउनु पर्ने ।

*ग.* **निर्णय गर्ने अधिकारीः** *सूचनासँग सम्बन्धित बिषयको प्रकृतिअनुसार आयोगका सचिव एवं आयोग ।*

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री सुरेश अधिकारी

## ८. प्रमुख, प्रवक्ता एवं सूचना अधिकारीको नाम र पद

**प्रमुखः-** सचिव श्री सुरेश अधिकारी

**सह-सचिव एवं प्रवक्ताः-** तारानाथ अधिकारी ९८५१२३३२८१

**सूचना अधिकारीः-** उप-सचिव गणेश बहादुर अधिकारी ९८५११८७३०८

**सहायक सूचना अधिकारीः-** शाखा अधिकृत राम प्रसाद आचार्य ९८५६०६३०६३

आयोग मातहतका ७ वटा कार्यालयहरुका (बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज समेत) सूचना अधिकारीहरुको नाम र सम्पर्क टेलिफोन नं. देहाय अनुसार रहेको छ ।

| कार्यालयको नाम | सूचना अधिकारीको नाम | सम्पर्क टेलीफोन नं. |
|---|---|---|
| अ.दु.अ.आ. कार्यालय, इटहरी | उप-सचिव श्री पुरुषोत्तम ढकाल | ९८५२०७०३३३ |
| अ.दु.अ.आ. कार्यालय, बर्दिवास | उप-सचिव श्री मणिराम ज्ञवाली | ९८५४०७९१११ |
| अ.दु.अ.आ. कार्यालय, हेटौडा | उप-सचिव श्री महेशराज तिम्सिना | ९८५११६१७७७ |
| अ.दु.अ.आ. कार्यालय, पोखरा | उप-सचिव श्री मेघनाथ रिजाल | ९८४८२५६४४४ |
| अ.दु.अ.आ. कार्यालय, बुटवल | शा.अ. सुरेश भुसाल | ९८५७०६३१४६ |
| अ.दु.अ.आ. कार्यालय, सुर्खेत | शा.अ. श्री मेघनाथ सापकोटा | ९८५८०७३६६६ |
| अ.दु.अ.आ. कार्यालय, बुटवलको सम्पर्क कार्यालय, नेपालगन्ज | शा.अ. श्री लोकमणि पाण्डे | ९८५८०४५७८८ |
| अ.दु.अ.आ.कार्यालय, कन्चनपुर | उप-सचिव श्री टोप बहादुर विष्ट | ९८५८७५२३७७ |

## ९. संविधान,ऐन,नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधान,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली,२०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७३
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरुको आचार संहिता, २०७६
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- विशेष अदालत ऐन, २०५९

## *१०. तोकिए बमोजिमको अन्य विवरण*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अघिल्लो आ.व. मा प्रकाशन भएका प्रतिवेदन तथा अन्य प्रकाशनहरु देहाय बमोजिम रहेका छन्:

- आयोगको २९ औं वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७५/७६)
- आयोगको २९ औं वार्षिक प्रतिवेदनको सारांश
- संस्थागत रणनीतिक योजना आ.व. २०७६/७७ — २०८०/८१
- स्मारिका २०७६
- अख्तियार इ-बुलेटिन
- भ्रष्टाचारसँग सम्बन्धित महत्वपूर्ण नजीरहरुको सारसंक्षेप २०७६
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिता, २०७६

## *११. अघिल्लो आ.व. मा सञ्चलित कार्यक्रमहरु*

- सामुदयिक शिक्षा कार्यक्रम
- अन्तरक्रिया कार्यक्रम
- समन्वय बैठक
- बैदेशिक तालिम तथा अवलोकन भ्रमण
- कानूनमा सुधारका लागि अन्तर्क्रिया तथा मस्यौदा तयारी कार्य
- भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस
- अनुसन्धानका लागि आधारभूत तालिम कार्यक्रम
- आयोगको स्थापना दिवस कार्यक्रम

## *१२. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आ.व. २०७५/७६ मा भ्रष्टाचार नियन्त्रण गरी देशमा सुशासन कायम गर्न गरेका कार्यहरुको उनन्तीसौ वार्षिक प्रतिवेदन २०७६ पुस २८ गते सम्मानिनय राष्ट्रपतिज्यू समक्ष पेश गरिसकेको उक्त डिजिटल प्रति आयोगको वेवसाइटमा प्रकाशित गरिएको छ । साथै तीसौं वार्षिक प्रतिवेदन तयारीको क्रममा रहेको छ ।

## *१३. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि*

सूचनाको हक सम्बन्धी ऐन, २०६४ आयोगसँग सम्बन्धित ऐन, नियमावलीमा गोप्य रहने भनि उल्लेख गरेका सूचना बाहेक सबै प्रकारका सूचनाहरु आयोगको वेबसाईट मार्फत् र सामाजिक संजालमा समेत दैनिक प्रकाशन गरी जानकारी गराउने गरिएको छ । साथै आयोगले नेपाल टेलिभिजनसँग मिलेर २०७६ साउनदेखि प्रत्येक हप्ता मंगलवारका साँझ ७:२५ देखि आधा घण्टाको टेलिभिजन कार्यक्रम **"सुशासन सवाल"** उत्पादन र प्रशारण गर्दै आइरहेको छ ।